
बौद्ध मासिक

# धर्म चक्षु

वर्ष-१४, अङ्क-४, पूर्णाङ्क-७८, आश्विन २०६८, बुद्ध संवत् २५५५, ने.सं. ११३१ Sep./Oct.2011



# DHARMA CHAKSHU

मूल्य रु. २०/-

हतियार परित्याग गर्दै सम्राट अशोक

विजया दशमी अहिंसा पर्व हो ।

सम्राट अशोकले हत्या, हिंसाको मार्ग त्यागेर अहिंसा धर्ममा लागेको दिन विजयादशमी हो ।

हत्या, हिंसा र बलिप्रथाको अन्त होस्, जताततै सुख र शान्ति छाओस्

आरोग्य र वैभवले पूर्ण होस्

यही शुभकामना छ





ना.सु. सिंहबहादुर गुरुङ

संस्थापक

# बौद्ध परियत्ति बुद्ध विहार

ढापा, कास्की



सम्राट अशोकले हत्या, हिंसायुक्त युद्धको विभीषिकाको अवबोध गरी अहिंसावादी बुद्धधर्ममा लागेको दिन आश्विन शुक्ल दशमी हो ।

हत्या, हिंसा माथि मैत्री र अहिंसाको विजय भएको दिन

अन्धकार माथि प्रकाशको विजय भएको दिन

विजया दशमी हो ।

**विजया दशमीको उपलक्ष्यमा**

**हार्दिक शुभकामना !**

## कर्मसिद्ध परम्परा

## धर्मचक्र दीपश्य विहार

माटेपानी, पोखरा



हत्या, हिंसा, प्रतिहिंसाको

अन्त होस्,

सद्भाव, सह-अस्तित्व र समझदारीको

भावना बनोस्

सुख, शान्ति, आरोग्य र

ऐश्वर्य बृद्धि होस्

हाम्रो शुभकामना !



## धर्मोदय सभा

कास्की


Wondershare PDFelement

बौद्ध मासिक

# धर्म चक्षु





*The Dharma Chakshu*

(Buddhist Monthly)

POKHARA, NEPAL

धर्मशीला बुद्धविहार, धर्मशीला मार्ग, नदीपुर, पोखरा, फोनः ०६१-५२०५१७

वर्ष-१४, अङ्क-४, पूर्णाङ्क-७८, आश्विन २०६८, बुद्ध संवत् २५५५, ने.सं. ११३१ Sep./Oct. 2011

प्रधान सम्पादक
**भिक्षु श्रद्धानन्द**
५२०५१७

प्रकाशक
**ज्ञानमाला संघ**

व्यवस्थापक
**अनागारिका कर्मशीला**
(संस्थापिका, धर्मशीला विद्वत वृत्ति)

सह-व्यवस्थापक
**युवा बौद्ध संघ**

काठमाडौं प्रतिनिधि
**सविता धाख्वा शाक्य**

लुम्बिनी प्रतिनिधि
**कविन्द्र बज्राचार्य**

सहयोगीहरू
**अञ्जली जोशी**

सम्पर्क कार्यालय
सम्पादक
**तिलकमान गुभाजू**
१४४, नयाँबजार, पोखरा-८
फोनः ५२०२४६
E-mail: dharmachakshu@gmail.com

मुद्रण
**शिव शंकर अफसेट प्रेस**
पृथ्वीचोक, पोखरा
फोनः ०६१-५२८०७३
मो.: ९८४६०४२९३८ (निरञ्जन)
E-mail: niranjanbaji@gmail.com

मूल्यः रू. २०।-

## विषय-सूची

सम्पादकीय — २
महोत्सवमा चम्किएको भिष्मा स्तूप — जुनु बासुकला रञ्जितकार — ३
भगवान बुद्ध र उहाँको धर्म एक समीक्षा — यज्ञप्रसाद बाँस्तोला — ६
बुद्धको जन्मस्थल लुम्बिनी — केशरी बज्राचार्य — १०
साँस्कृतिक पर्वमा प्राणी-हिंसा शास्त्रीय मान्यता कि सामाजिक परम्परा ? — भूपनिधि पन्त — १३
गुरुचेलाको सम्बन्धमा भगवान गौतम बुद्ध — महेन्द्रमान श्रेष्ठ 'व्यथित' — १५
बुद्ध तिमी कहाँ छौ ? (कविता) — कमल पौडेल 'अथक' — १६
**Bio Data of Bhikshu Sangharakshit Sthavir** — १७
समाचारहरू :
धर्मशीला विद्वत वृत्ति भिक्षु संघ रक्षितलाई — २४
गोष्ठीको आयोजना गरिने — २४
करूणा बचत तथा ऋण सहकारी संस्था लि. — २५
गुहातन्त्र अन्तर्गत उपचार शिविर — २५
पूर्व सभापति बुद्धाचार्यलाई पत्नीशोक — २६
भिक्षु बुद्धघोष रहेनन् — २७
दाता बुद्धाचार्यबाट रू. १० लाख प्रदान — २७
बलि चढाइएका प्राणीको मुक्तिको लागि कामना — २८

**हाम्रो आफ्नो मौलिक धर्म, दर्शन लगायतका विशिष्टता विश्वसामु प्रचार प्रसार गरी नेपाल र नेपालीको गरिमा र प्रतिष्ठा उच्च बनाउनका लागि नेपाललाई बौद्ध देश घोषणा गर्नुपर्दछ। नेपाल बौद्ध देश हुनुपर्दछ।**

सम्पादकीय

# दशैंको महत्त्व कायम राखियोस्

१. दशैं नेपालीहरूको सर्वाधिक महत्त्वपूर्ण एवम् ठूलो चाड हो । यो चाडमा धेरै भन्दा धेरै प्राणीहरूको बलि दिने गरिन्छन् । विशेषगरी महासप्तमी, महाअष्टमी र महानवमीका दिन तथा हातहतियार भण्डारण गरिएका ठाउँहरूमा हाँस, कुखुरा, परेवा, बोका र राँगाहरूको बलि दिने गरिन्छ । कतै कतै त पञ्चबलि पनि दिने गरिन्छन्। कतिपय ठाउँमा बलि दिनका लागि सरकारबाट बजेट पनि विनियोजन गरिएको हुन्छ । त्यसरी बलि दिनु र बलि दिएको प्राणीको मासु विभिन्न परिकार बनाएर भोज खानु यस पर्वको विशेषता हो ।

२. हिन्दूहरू त्यसरी बलि दिएर दशैं मनाउँछन् भने बौद्धहरू अहिंसात्मक किसिमले अर्थात् कुनैपनि प्राणीको बलि नदिइकन अझ त्यो भन्दा प्रस्टसाथ भनौं भने पञ्चशील ग्रहण गरेर तथा बलि दिएका त्यस्ता सबै प्राणीको उद्धार होस् भनेर सूत्रहरू पढेर अहिंसात्मक किसिमले दशैं मान्ने गर्दछन् । बौद्धहरूले त्यसरी अहिंसात्मक किसिमले दशैं मान्ने मात्र होइनन् कि त्यसरी काटमार गरी दशैं मान्नुलाई एक आडम्बर, अन्धविश्वास र पाप नै सम्झन्छन्। बौद्ध दृष्टिमा त्यसरी अर्काको हत्या, हिंसा गरेर पुण्य हुन्छ भन्नु सरासर गलत हो र धार्मिक दृष्टिले भन्ने हो भने त्यो पाप नै हो ।

३. हिन्दूहरू त्यसरी दशैं मान्ने परम्परालाई राम र रावणको युद्ध र दुर्गा भगवानीले महिषासुरको बध गरेको पौराणिक एवम् धार्मिक कथासँग जोड्दछन् र खराब र दुर्गुणका प्रतीक भएका रावण र महिषासुरको बध गरेको खुशियालीमा खुशी भएर भोज भतेर गरेको बताउँछन् । उता बौद्धहरू यो अहिंसात्मक पर्वलाई आजभन्दा २३०० वर्ष पहिलेका सम्राट अशोकसँगै जोड्ने गर्दछन् । सम्राट अशोक शुरूमा अत्यन्त क्रुर, निर्दयी र महत्वाकांक्षी थिए। उनले निर्दयतापूर्वक छिमेकी राज्यहरूमा हमला गरी आफ्नो राज्य बिस्तार गरे । उनी ठूलो भूभागको अधिपति भई सम्राट पनि कहलिए । त्यसरी राज्य बिस्तारको क्रममा उनले कलिङ्ग भन्ने राज्यमा पनि आक्रमण गरे । कलिङ्गमा भीषण युद्ध भयो । असंख्य मानिसको ज्यान गयो । युद्धमा अशोकका आफ्नै नातेदारको पनि मृत्यु भयो । उनी युद्ध मैदान निरीक्षण गर्न गए । जति उनी अगाडि बढ्दै गए, उति उनले लाशहरूको थुप्रो देखे, विभत्सता देखे । लाशहरू क्षतविक्षत भएका, कुहिँदै गएका, कतै स्याल र ब्वाँसाहरूले लुछ्दै गरेका थिए भने कतै चील र गिद्धहरूले चिथोरिरहेका थिए । उनले आफ्ना नातेदारको लाश पनि त्यस्तै अवस्थामा देखे ।

४. त्यो विक्षिप्तता देखेपछि उनको मन अत्यन्त अशान्त भयो, विचलित भयो । त्यसपछि त न उनले राम्ररी खान सके न कि आरामसाथ निदाउन नै सके । बेचैनीले सतायो । उनी विक्षिप्त भए । त्यसैबेला उनले शान्त चित्त भएका श्रावणेर निग्रोधलाई देखे । निग्रोध उनका आफ्नै भतिजा थिए । उनले निग्रोधलाई बोलाएर उसको अवस्था बारे सोधे । भिक्षु निग्रोधले आफू अहिंसावादी बुद्धधर्ममा लागेकाले शान्तचित्त भएको बताए र विस्तृत जान्नका लागि गुरु भिक्षु मोग्गी लिपुत्र तिस्ससँग सोध्न भने । सम्राटले तिस्स स्थविरसँग विस्तृत रूपले सोधे । सबैकुरा सोधेपछि, बुझेपछि र उनी विश्वस्त भएपछि उनले हत्या, हिंसाको मार्ग परित्याग गरी शान्ति, मैत्री, करूणा र अहिंसात्मक मार्गमा लागे । अर्को शब्दमा हत्या, हिंसारूपी आतङ्क र युद्धको त्यो अन्धकार मार्ग परित्याग गरी उनी शान्ति, मैत्री र अहिंसारूपी जीवन सार्थक गर्ने बाटोमा लागे । त्यही मार्गमा लागेकाले पनि उनको नाम सम्राटहरूमा पनि महान सम्राटका रूपमा कहलिएका छन् । सम्राट अशोकले जुन दिनमा अहिंसावादी बुद्ध धर्ममा लागे त्यो दिन थियो, आश्विन शुक्ल दशमी या विजया दशमी । त्यस दिनमा हिंसामाथि अहिंसाको विजय, युद्धमाथि शान्तिको विजय र अन्धकारमाथि प्रकाशको विजय भएको भनी बौद्धहरूले त्यो दिवस मान्दै आएको हो । यो दिन राम्रै राम्राको विजय भएकाले यस दिनलाई विजयादशमी भनिएको हो ।

५. यस किसिमले बौद्धहरूले दशैं अहिंसात्मक एवम् सादगी किसिमले मान्छन् भने हिन्दूहरूले बलि दिएर भव्य भोजको आयोजना गरी मनाउँछन् । सरकारको नेतृत्व गर्ने र समाजका अग्रणी कहलिएकाहरूले पनि बौद्धहरूले दशैं आफ्नै किसिमले मनाउँछन् भन्ने कुरालाई किञ्चित ख्याल नराखी "दशैं हिन्दूहरूको मात्र पर्व हो" भनेर व्याख्या गर्ने गरेकाले अधिकांश जनजाति आदिवासीहरू जो आफूलाई हिन्दूधर्म अन्तर्गतका भन्न चाहदैनन्, उनीहरूले दशैं बहिष्कार गरेका छन् । त्यसरी बहिष्कार गर्नेहरूको संख्या बढ्दै गएको छ । त्यो कुरालाई मनन गरेर दशैंलाई सम्पूर्ण नेपालीहरूको सामाजिक एवम् साँस्कृतिक पर्वका रूपमा परिभाषित एवम् व्याख्या गर्नु नितान्त आवश्यक भएको छ । ताकि भोलि यसको राष्ट्रिय महत्त्वमा ऱ्हास नआओस् ।

# महोत्सवमा चम्किएको भिष्वा स्तूप

■ जुनु बासुकला रञ्जितकार

यसवर्षको बुद्धजयन्तीमा सदाझैं बुद्ध-जन्मस्थल लुम्बिनी र काठमाडौं उपत्यकामा मात्रै सीमित नरहेर नाममात्रै सुनेको र कहिल्यै नपुगेको भिष्वा स्तूपमा मनाउन पुग्यौं । छिमेकी भारतीय सीमासँग जोडिएको नेपालको मध्यमाञ्चल विकास क्षेत्र नारायणी अञ्चलअन्तर्गत पर्सा जिल्लाको व्यापारिक उप-महानगर वीरगञ्ज नगरभित्रै एउटा प्राचीन बौद्ध स्तूपको अस्तित्व रहेको बारे धेरैजसो बौद्ध विद्वान् तथा धर्मावलम्बीहरू पनि अझै अनभिज्ञ छन् । वीरगञ्ज क्षेत्रबाट राष्ट्रियस्तरमा भिष्वा स्तूपबारेमा प्रचार-प्रसार नहुनुका पछाडि त्यस क्षेत्रका बासिन्दामा पनि स्तूपको ऐतिहासिक पुरातात्विक महत्त्वबारे आवश्यक ज्ञान नरहेको स्पष्ट हुन्छ । जसका कारण बौद्ध इतिहासमा छुटाउनै नहुने एउटा अध्याय ओझेलमा परिरहेको छ ।

स्थानीय भाषामा 'भिष्वा' भनिने माटोको डाँडा वीरगञ्ज उप-महानगरपालिकाअन्तर्गत वडा नं. १८ मा अवस्थित छ। प्राचीनकालमा त्यस माटोको डाँडा आसपास भिक्षुहरू बस्ने गर्दथे । भिक्षुहरूको बासस्थान भएकैले त्यस डाँडालाई वीरगञ्जबासीले 'भिक्षुवास' भन्ने गर्दथे। 'भिक्षुवास' शब्दकै अपभ्रंश भई वर्तमानमा 'भिष्वा डाँडा' नाम रहन गएको स्थानीय बासिन्दाको भनाइ रहेको छ। दुई हजार वर्षभन्दा अगाडि निर्माण भएको हुनसक्ने अनुमान गरिएको सो डाँडालाई तीन दशकअगाडि मात्रै दिवंगत भिक्षु बगिन्द्र बज्राचार्यले 'स्तूप' का रूपमा व्याख्या गरेका थिए । स्थानीय बासिन्दाका अनुसार केही समय अघिसम्म त्यस स्तूपमा रहेको बाक्लो झाडीभित्र विभिन्न प्रकारका दुर्लभ जीवजन्तु र चराचुरुङ्गीहरू समेत पाइने गर्दथ्यो । राणाकालमा त्यस भिष्वा डाँडामा बहुमूल्य धन-दौलतहरू लुकाइराखेको हुनसक्ने अनुमान गरी तत्कालीन राणा शासकहरूले खन्न लगाएका थिए भनिन्छ । वीरगञ्जको भिष्वा डाँडाभित्र प्राचीन इँटा र कोइला भेटिएपछि 'यो डाँडा पक्कै बौद्ध स्तूप हुनसक्छ' भन्ने अनुमान गरी तुरुन्तै खन्ने कार्यलाई रोक्ने आदेश दिइयो भनिन्छ । त्यस्तै कुराका आधारमा वि.सं. २०३४ सालमा पुरातत्व विभागका तर्फबाट खटिएका पूर्णहर्ष बज्राचार्यको टोलीले पनि भिष्वा डाँडालाई 'बौद्ध स्तूप नै हो' भनी ठोकेर भनिदिए । त्यस समयदेखि मात्र 'भिष्वा डाँडा' 'भिष्वा स्तूप' का रूपमा चिनिन थाल्यो। त्यसपश्चात बिस्तारै भिष्वा स्तूप बौद्ध धर्मावलम्बीहरूका निमित्त पवित्र धार्मिकस्थलका रूपमा परिणत हुन थालेको हो ।

भिष्वा स्तूप रहेको करीब २ बिघा जमीन वीरगञ्ज बौद्ध विहार (बौद्ध समिति) का नाममा दर्ता गरिएको भनिएको छ । केही बौद्ध धर्मावलम्बी अगुवाहरूले त्यस स्तूपको दर्शन तथा अवलोकन पनि गरेका छन् । त्यसै क्रममा सो स्तूपलाई पाटलिपुत्र अर्थात् हालको पटनाका सम्राट अशोकले निर्माण गर्न लगाइएको मानिएको छ । २०३५ सालमा बुद्धजयन्तीकै दिन मकवानपुर जिल्लाको हेटौंडाका लामा गुरुको टोली र डोबुन टुल्कोद्वारा महायानी परम्परा अनुसार त्यस स्तूपको न्यास पूजा गरियो । त्यस्तै बज्रयानी परम्परा अनुसार काठमाडौंका पं. बद्रीरत्न बज्राचार्यले पनि न्यास पूजा गरेको स्थानीय बासिन्दा सम्झिन्छन् । २०४० सालतिर तिब्बती बौद्ध धर्मगुरु दलाई लामाले समेत त्यसको महत्त्वलाई बुझेर भिष्वा स्तूप दर्शन गर्ने कार्यक्रम बनाएका थिए भनिन्छ । तर विभिन्न कारणले भ्रमण स्थगित भएपछि उहाँकै निजी सचिव दुगुन ढुल्को लामा दर्शन गर्न आइपुगे । उनले भिष्वा स्तूपको संरक्षण र संवर्द्धनका लागि भनी नगद दश हजार रूपैयाँ आर्थिक सहयोग समेत प्रदान गरेर गएको स्थानीय बासिन्दाको स्मृतिमा ताजै छ ।

भिष्वा डाँडाको महत्त्व बढ्न थालेपछि ०३५ सालतिर स्थानीय केही बासिन्दाले स्तूपको टुप्पोमा भगवतीको मूर्ति प्रतिस्थापना गरी पूजाआजा गर्दै आइरहेका

छन् । स्तूपमा चारैतर्फ पञ्चबुद्धका मूर्तिहरू प्रतिस्थापन गरिएका छन् । ०४० सालको वैशाख १९ गतेका दिन स्वर्गीय साहु मणिहर्ष ज्योतिले पश्चिमपट्टि अमिताभ बुद्ध वा ध्यान मुद्रामा रहेका बुद्धमूर्ति प्रतिस्थापन गरे । ०४६ जेठ ७ गतेका दिन दिवंगत भक्तिदास श्रेष्ठले स्तूपको पूर्वपट्टि अक्षोभ्य बुद्ध वा दायाँ हात भूमिस्पर्श मुद्रा अङ्कित शिलाको मूर्ति प्रतिस्थापन गरे । ०४७ सला जेठ २६ गतेका दिन नन्दसिद्धि बज्राचार्यले उत्तरतिरको अमोघसिद्धि बुद्ध वा अभय मुद्रामा अङ्कित मूर्ति प्रतिस्थापन गरेका थिए । ०४८ साल जेठ १४ गतेका दिन द्वारिकाप्रसाद शिकारियाले दक्षिणतिरको रत्नसम्भव बुद्ध वा वरद मुद्रामा अङ्कित शिलाको मूर्ति प्रतिस्थापन गरेका थिए । ०५२ साल माघ १० गतेका दिन सुन्दरबहादुर गोर्खालीले स्तूपको बीचैमा वैरोचन बुद्ध वा धर्मचक्रप्रवर्तन मुद्रामा अङ्कित मूर्ति प्रतिस्थापन गरेका थिए । त्यसैगरी स्तूपमा शिवलिङ्ग, नागदेवता र धर्मधातु चैत्यका शिलाहरू पनि प्रतिस्थापन गरिएका छन् । स्तूपको माटो भासिँदै गएकाले हो वा भासिने भयले माथि र तल गरेर दुई वृत्तमा ईंट्टाका पर्खालहरू पनि चारैतिर लगाएका छन् । स्तूपको माथि जान भऱ्याङ पनि बनाइएको पाइन्छ । स्तूपको फेदमा पनि केही आधुनिक घर तथा टहराहरू बनाइएका छन्, जसमा शारीरिक व्यायाम पनि हुने गरेको देखिन्छ । स्तूपको चारैतिर जग्गा प्लटिङ्ग गर्नुका साथै घरहरू पनि निर्माण गरिसकेका छन् । जुन दश मीटर पनि दूरीमा छैन । प्राचीन सम्पदा संरक्षणका दृष्टिले जुन अत्यन्तै संवेदनशील भएको कुरा उल्लेख गरी नेपाल सरकार अन्तर्गतको पुरातत्व विभागले स्थानीय सम्पूर्ण जिम्मेवार निकायलाई ध्यानाकर्षण गर्दै केही महिना अगाडि मात्रै पत्र पठाएको थियो ।

वीरगञ्जका केही बौद्धहरूले भिष्वा स्तूपको प्रचार-प्रसार गर्ने हेतुले वीरगञ्ज बौद्ध समिति गठन गरेका छन् । समितिले स्थानीय स्तरमा केही कार्यक्रमहरू पनि गर्दै आइरहेको छ । सोही समितिले स्तूपको संरक्षण र संवर्द्धन गर्ने प्रमुख उद्देश्य लिई यस वर्षको २५५५ औं बुद्ध जयन्तीको अवसर पारेर वीरगञ्ज-भिष्वा महोत्सव तीन दिनसम्म मनायो । त्यसै क्रममा बुद्ध प्रतिमा सहित वीरगञ्जको माईस्थानबाट नगर परिक्रमा गर्ने भिष्वा स्तूपसम्म ऱ्याली गऱ्यो । ऱ्यालीमा बौद्ध धर्मावलम्बीहरू मात्रै उपस्थित नभई विभिन्न धर्मावलम्बीहरू हिन्दु, शिख, जैन र साईबाबाका अनुयायी पनि सहभागी भएका थिए । साथै स्थानीय बुद्धिजीवी, पदाधिकारी, जनमानस तथा विभिन्न संघसंस्था लगायत विभिन्न स्कूलका विद्यार्थीहरू पनि सहभागी भए । सो ऱ्यालीलाई वीरगञ्जबासीमा धार्मिक सहिष्णुताको उदाहरणका रूपमा मात्रै होइन, भिष्वा स्तूपप्रतिको जागरूकताका रूपमा समेत लिन सकिन्छ । ऱ्यालीका क्रममा 'भिष्वाको शान-वीरगञ्जको मान' भन्ने नारा घन्काइएको थियो । ऱ्यालीपश्चात् महोत्सवको औपचारिक उद्घाटन वीरगञ्जबाटै निर्वाचित सभासद् अजय द्विवेदीबाट गराइयो । महोत्सव अवधिमा रातको समयमा स्तूपभरी डेढलाख रूपैयाँ खर्च गरी बिजुलीका रङ्गीचङ्गी झिलीमिली बत्ती बालेर चम्काइएको थियो । महोत्सवलाई नेपाल पर्यटन बोर्डले समेत सहयोग पुऱ्याएको थियो ।

पुरातत्व विभागले नै लिच्छवीकालीन भनेर मानिसकेको भिष्वा स्तूपमा महोत्सव मनाउने क्रममा आयोजक र उपस्थित जनसमुदायले स्तूपको महत्त्व भने बुझ्न नसकेको स्पष्ट देखिन्थ्यो । बौद्धहरूको पवित्रस्थल मानिने स्तूपमाथि जो कोही पनि जतातत्तैबाट सजिलै चढ्न सकिने अवस्था रहनु, स्तूपको मौलिक स्वरूपमाथि विभिन्न मूर्ति र संरचनाहरू छरपष्ट हुनु, स्तूपमाथि धेरै रूखहरू लथालिङ्ग अवस्थामा हुनु, चारैतर्फबाट आधुनिकताको नाममा अतिक्रमण हुनु, स्तूपको फेदमा आधुनिक घर-टहराहरू निर्माण हुनु, सरसफाईको व्यवस्था नहुनु आदिबाट पवित्र स्तूप विगत र वर्तमानमा समेत उपेक्षित रहेको स्पष्ट हुन्छ । त्यस्ता स्तूपलाई एकान्त र शान्त वातावरणमा स्वच्छ र पवित्र ऐतिहासिक विश्वसम्पदाकै रूपमा संरक्षित अवस्थामा रहन दिनुपर्दथ्यो । नेपाल पर्यटन बोर्डले पनि पुरातात्विक दृष्टिले अत्यन्तै संवेदनशील क्षेत्रमा महोत्सव आयोजना गर्न पूर्ववस्तुस्थितिको आवश्यक निरीक्षण र विशेषज्ञहरूबाट जानकारी लिनै पर्दथ्यो ।

वीरगञ्ज-भिष्वा महोत्सव आयोजकहरूले महोत्सवका क्रममा स्तूप परिसरमा रहेका घर-

टहराहरूको मर्मत सम्भार गर्नुपर्ने, नगरपालिकाले पानीको लागि धारा जडान गर्नुपर्ने, बिजुली बत्ती जडान गर्नुपर्ने, शौचालयको निर्माण गर्नुपर्ने आदि माँगका रूपमा अगाडि सारेका पाइएको छ । जुन माँगहरू ऐतिहासिक एवम् पुरातात्विक सम्पदाहरूको संरक्षण नीतिसँग मेल खाएको देखिन्न । वास्तवमा महोत्सवको मूल उद्देश्य भिष्वा स्तूपको ऐतिहासिक तथा पुरातात्विक महत्त्वबारे आम जनमानसमा जानकारी दिँदै स्तूपमाथि र स्तूप वरपर भएका विभिन्न अतिक्रमणहरूलाई हटाई मौलिक प्राचीन स्वरूप दिनका लागि पहल गर्नुपर्ने थियो । स्तूपलाई संरक्षित विश्वसम्पदा सूचीअन्तर्गत पार्न आवश्यक पहलका लागि स्थानीय जनताको चेतना जागृत गरी नेपाल सरकारअन्तर्गतको सम्बन्धित निकायलाई दबाब दिनुपर्ने थियो । नेपाल सरकामार्फत् वैज्ञानिक तरिकाले उत्खनन् र परीक्षण गरी विश्वसामु परिचित गराउनुपर्ने माग जोडदार हुनुपर्ने थियो । तर यस्ता विषयहरूमा वीरगञ्ज-भिष्वा महोत्सवले प्राथमिकताका साथ चासो देखाएको पाइएन । यद्यपि महोत्सवले भिष्वा स्तूपलाई चिनाउन केही प्रचारात्मक कार्य गरेको भने मान्नै पर्दछ । त्यसलाई नै महोत्सवको उपलब्धि मान्दा हुन्छ ।

भिष्वा स्तूपमा कुन समयकालसम्म भिक्षुहरू बास गर्दै आएका थिए र 'भिक्षुवास' बाट 'भिष्वा' को नामांकरण कहिलेदेखि भएको हो भन्नेबारे विस्तृत अध्ययन-अनुसन्धान गर्नुपर्ने देखिन्छ । **स्तूपमा उत्खनन् गर्दा प्राचीन ईँटा र कोइला भेटिएकै आधारमा ०३४ सालमा पुरातत्व विभागद्वारा त्यसलाई बौद्ध स्तूप भनी घोषणा गरिएको थाहा पाइयो । काठमाडौं उपत्यकाअन्तर्गत पाटनमा रहेका चारवटा तेता, लगं, पूच्व र ईबही नामका माटोका थूर वा स्तूपहरू तत्कालीन पाटलिपुत्रका सम्राट् अशोकद्वारा निर्माण गर्न लगाइएको भन्ने जनविश्वासकै आधारमा त्यस्तै स्वरूपको भिष्वा स्तूप पनि माटोको ढिस्को मात्र भएकाले वीरगञ्जबासीले ती पनि सम्राट् अशोकद्वारा नै निर्माण गर्न लगाइएको स्तूप हुनसक्छ भनी मान्दै आएको पाइन्छ ।** तर त्यसो भन्नका लागि कुनै ऐतिहासिक आधार र ठोस प्रमाणहरू भने पाइएका छैनन् ।

**सो स्तूप उत्खनन् गर्दा ईँटा र कोइला पाइएको सन्दर्भमा भने केही विचार गर्नैपर्ने देखिन्छ । बुद्धले आफू महापरिनिर्वाण हुनुभन्दा केही समयअगाडि आफ्ना शिष्य भिक्षु आनन्दलाई आफ्नो महापरिनिर्वाणपछि उहाँको अस्थिधातुलाई चौबाटोमा राखेर स्तूप बनाउने अनुमति दिएकोबारे बौद्ध ग्रन्थ महापरिनिब्बाण सूत्तमा उल्लेख भएको पाइन्छ ।** महापरिनिब्बाण सूत्त अनुसार राजगृहमा राजा अजातशत्रुले, बैशालीमा लिच्छविले, रामग्राममा कोलियले, वेठदीपमा ब्राह्मणले र कुशीनगरमा मल्लले स्तूपहरू बनाएका थिए । ती आठवटा स्तूपहरूका लागि अस्थिधातु बाँड्ने द्रोण ब्राह्मणले अस्थिधातु बेला बाँडेको विप्लिवनका मौर्यहरू पनि अस्थिधातु लिन पुगेका थिए । तर अस्थिधातु नपाएपछि उनीहरूले बुद्धलाई दाहसंस्कार गरिएको भष्म राखेर स्तूप बनाए । यसरी महापरिनिर्वाण-सूत्रअनुसार उहाँको महापरिनिर्वाणपछि अस्थिधातु राखेर आठवटा स्तूपहरू, अस्थिधातु बाँडेको भाँडो र भष्म राखेर एक-एक गरेर जम्मा दशवटा स्तूपहरू बनाइएको उल्लेख छ । ती स्तूपहरू मध्ये अस्थिधातु भएँको रामग्रामको स्तूप बाहेक अन्य सातवटा स्तूपहरूबाट सम्राट् अशोकद्वारा अस्थिधातु निकालेर ८४ हजार स्तूपहरू बनाइएको बौद्ध ग्रन्थमा उल्लेख छ । अस्थिधातु रहेको रामग्रामको स्तूप हालसम्म नवलपरासी जिल्लामा सुरक्षित नै रहेको छ । **तर पिप्लिवनका मौर्यहरूद्वारा भष्म निकालेर अन्य स्तूपहरू बनाइएको उल्लेख कतै पाइन्न । त्यसकारण भिष्वा स्तूपमा पाइएको ईँटा र कोइला कति प्राचीन हो भनी पुरातत्व विभागले उत्खनन् र वैज्ञानिक जाँच गरी सत्य-तथ्य प्रमाणसहित विश्व-जनमानससामु ल्याउनु नितान्त आवश्यक छ । यसतर्फ वीरगञ्जबासीले पनि विशेष ध्यान र सहयोग पुऱ्याउनु नितान्त आवश्यक पर्दछ ।** कतै यो भिष्वा स्तूप पिप्लिवनका मौर्यहरूले निर्माण गरेको स्तूप त होइन, गम्भीर किसिमले अध्ययन 'अनुसन्धान गर्नुपर्ने विषय' भएको छ ।

*(लेखिका त्रिभुवन विश्वविद्यालयका बौद्ध-दर्शन र काठमाडौं युनिभर्सिटीअन्तर्गत सेन्टर फर आर्ट एण्ड डिजाइनमा दक्षिण एशियाली कला विषयका अध्यापिका हुन् ।)*

# भगवान बुद्ध र उहाँको धर्म
# एक समीक्षा

यज्ञप्रसाद बाँस्तोला

## १. भूमिका

महामानव भगवान बुद्धको मातृभूमि नेपाल सुन्दर, शान्त विशाल नेपाल। सर्वोच्च शिखर सगरमाथाको नेपाल। गण्डकी, कोशी र कर्णालीद्वारा सिञ्चित हराभरा नेपाल र यहाँका हामी शान्तिप्रिय नेपाली। शान्ति हाम्रो मौलिक विशेषता। यही हाम्रो विशेषताका मूल प्रेरणा श्रोत तथागत बुद्ध नै हाम्रो समष्टि जीवनका गौरवशाली प्रतीक हुनुहुन्छ। उहाँकै पथप्रदर्शनमा हाम्रो उज्ज्वल भविष्य निर्माण सुनिश्चित हुन सक्दछ। शान्तिदूत भगवान बुद्धको शील र प्रज्ञाद्वारा विश्व शान्ति स्थापना गर्ने महान उद्देश्य सार्थक हुन सक्दछ।

समस्त प्राणी तथा मानव समुदायप्रति करूणा भाव प्रवाहित गर्ने महामानव भगवान बुद्ध र उहाँको धर्मप्रति प्रशस्त अध्ययन, चिन्तन, मनन र अनुसन्धान हुनुपर्ने आवश्यकता आज सर्वत्र अनुभव गरिएको सन्दर्भमा धर्मशीला बुद्ध विहार दायक सभाद्वारा डा. भीमराव रामजी अम्बेडकरले रचना गर्नुभएको "द बुद्ध एण्ड हिज धर्म" नामको प्रसिद्ध ग्रन्थ नेपाली भाषामा पनि प्रकाशित हुनु अत्यन्त महत्त्वपूर्ण उपलब्धि हो। प्रखर अध्येता एवम् विद्वान ललितरत्न शाक्यज्यूले अत्यन्त परिश्रमपूर्वक यो ग्रन्थ अनुवाद गर्नुभएर समस्त नेपाली भिक्षु-भिक्षुणी एवम् उपासक-उपासिका र पाठक वर्गलाई ठूलो गुन लगाउनुभएको छ। यति गहन विषयको नेपाली अनुवाद यति सरल भाषामा प्रस्तुत गर्न सक्ने क्षमता अत्यन्त प्रशंसनीय रहेको छ। संभवत: भगवान बुद्ध र उहाँको धर्मका सम्बन्धमा ज्ञान हासिल गर्ने पुस्तक नेपाली भाषामा यो नै पहिलो हो। धन्यवाद छ अनुवादक ललितरत्न शाक्य र प्रकाशक धर्मशीला बुद्ध विहार दायक सभालाई।

## २. कलेवर

अहिले दायक सभा धर्मशीला बुद्ध विहार पोखराबाट 'भगवान बुद्ध र उहाँको धर्म' दोस्रो संस्करण २०६७ प्रकाशन भइसकेको छ। यस अघि वि.सं. २०५३ मा प्रथम संस्करण प्रकाशनमा आएको थियो। १५x२२ सेन्टिमिटर साइजको यो दोस्रो संस्करण ग्रन्थ ४९६ पृष्ठको छ। पहिलो लुजकभर भएको तथा स्तरीय कागजमा छापिएको हुँदा पुस्तक आकर्षक देखिन्छ। पुस्तकमा भगवान बुद्धको ध्यानमुद्रा मूर्ति र तथागत भगवान सम्यक सम्बद्ध प्रतिमा (फोटो) रहेका छन्। एउटा फोटो रहेको छ मूल लेखक डा. भीमराव रामजी अम्बेडकरको पनि। एउटा फोटो नेपाली अनुवादकको पनि राखिएको भए राम्रै हुने थियो। भगवान बुद्धको जीवनीसँग सम्बन्धित रङ्गीन तस्वीरहरू उपयुक्त अध्याय र प्रसङ्गमा सजाइएका भए ग्रन्थ झन आकर्षक हुने थियो। ग्रन्थ कलेवरका सम्बन्धमा यत्ति।

## ३. विषय प्रवेश

सर्वप्रथम 'भगवान बुद्ध र उहाँको धर्म' सम्बन्धमा मूल लेखकको आशय के छ? यसका हिन्दी अनुवादक, प्रकाशकको अनुभव के रहेको छ र नेपाली अनुवादक तथा प्रकाशकको भावनात्मक अभिव्यक्ति के हो भन्ने जिज्ञासाबाट विषय प्रवेश गर्नु ठीक होला।

यो ग्रन्थ कसरी तयार भयो? यसबारे मूल लेखक डा अम्बेडकरकै अप्रकाशित अग्रलेखमा उहाँको आशय प्रस्ट भएको छ। उहाँका बुबा कबिर पन्थी र हजुरबुबा रामानन्दी सम्प्रदायका हुँदा घरको धार्मिक वातावरण अमिल्दो भएको अनुभव उहाँको बाल्य मस्तिष्कमा परेको थियो। बुबा सैनिक अधिकारी भएको कारण स्वभावमा कडाइ र सोचमा पितृ अधिकार (रोमनप्याट्रियार्क) को प्रभाव पनि भीमरावलाई सहज लागेको थिएन। उहाँको अर्को असन्तुष्टि रामायण र महाभारतमा उल्लेख भएका घटना र प्रसिद्ध पात्र तथा व्यक्तित्वहरूको मन नपर्ने भूमिकाप्रति रहेको छ। यसका अतिरिक्त तत्कालीन जाति भेदमूलक समाजको मानसिक प्रताडनाबाट आहत् भएका अम्बेडकरले यी सबै समस्याको समाधान खोजिरहेको

अवस्था पनि थियो । आखिर एउटा सानो घटना मार्फत् उहाँलाई मार्गदर्शन प्राप्त भयो ।

घटना के थियो भने उहाँ कक्षा चारमा पढ्दा अम्बेडकरलाई एक समारोहमा सम्मान गर्दै उहाँको बुबाका मित्र केलुस्करले बुद्धको जीवनीसँग सम्बन्धित पुस्तक उपहार दिएका थिए । सोही पुस्तक पढेपछि अम्बेडकरको मन परिवर्तन भयो । उहाँकै शब्दमा भन्नुपर्दा "दादा केलुस्करले दिनुभएको किताब पढेर म बुद्धको धम्मतिर लागे ।" प्रस्तुत ग्रन्थ रचनाको पृष्ठभूमि सम्बन्धमा प्रकाश पार्दै अम्बेडकर भन्नुहुन्छ "सन् १९५१ मा महाबोधि सोसाइटी जर्नल कलकत्ताका सम्पादकले वैशाख पूर्णिमाको अवसरमा एउटा लेख लेख्न आग्रह गर्नुभयो । मैले त्यस लेखमा 'बुद्धको धम्म एउटा यस्तो धम्म हो जुन विज्ञानद्वारा जागृत समाजले मात्र अङ्गीकार गर्न सक्दछ भन्ने कुरा उल्लेख गरेको थिएँ । होइन भने समाज नष्ट भएको बुझ्नुपर्दछ ।' अम्बेडकरले यो ग्रन्थको मौलिकता बारे स्पष्ट पार्दै लेख्नुभएको छ 'यस पुस्तकमा मेरो मौलिकता छैन । यो त मिलाएर राखेको एउटा संग्रहित पुस्तक मात्र हो ।"

बुद्ध धर्मको आदिस्रोतका सम्बन्धमा केही टाउको दुखाउने खालका वर्णनहरू लोकमा प्रसिद्ध छन् । यो ग्रन्थ परिचयमा अम्बेडकरले ती लोकप्रिय वर्णनका सम्बन्धमा प्रमुख चारवटा समस्या औंल्याएका छन् । पहिलो समस्या के सिद्धार्थ गौतमले रोगी, बृद्ध, मृतक र सन्यासी देखेपछि मात्र प्रवज्या ग्रहण गर्ने उद्देश्यले महाभिनिष्क्रमण गरेका थिए ? २९ वर्षको उमेरसम्म गौतमले त्यसप्रकारका व्यक्ति पहिलोपटक देखेका हुन् भन्न सकिन्छ ?

दोस्रो समस्या चार आर्य सत्यको सत्यापनमा आधारित छ । बुद्धको मूल शिक्षा साथि नै चार आर्यसत्यले आघात पारेको कुरा अम्बेडकरले लेखेका छन् ।

तेस्रो समस्या आत्मा, कर्म तथा पुनर्जन्मका सम्बन्धमा बुद्धको अभिमत परस्पर विरोधी भएको तर्क पेश गर्दै भगवान बुद्धले कुन विशिष्ट सन्दर्भमा यी शब्दहरूको प्रयोग गर्नुभएको हो, त्यसको उत्तर खोज्नु भएको छ ।

चौथो समस्या भिक्षुको संघ स्थापना गर्ने उद्देश्य के थियो ? के भिक्षुलाई समाज निरपेक्ष आदर्श मानव बनाउनु बुद्धको उद्देश्य हो ? अथवा आदर्श समाज सेवकको रचना हो ? अम्बेडकरले आजका भिक्षुहरूसँग राखेको यो मौन प्रश्न हो । अनि बुद्ध र उहाँको धर्म सम्बन्धी परम्परागत मान्यता र मूल्य माथि नै बौद्धिक विवेचनाको आह्वान पनि हो ।

विषय प्रवेशकै दोस्रो चरणमा यो ग्रन्थका हिन्दी अनुवादक र प्रकाशकका विचारहरू पनि उल्लेखनीय रहेका छन् । अनुवादक भदन्त आनन्द कौशल्यायनले 'नम्र निवेदन' शीर्षकमा भगवान बुद्ध र उहाँको धर्म सम्बन्धमा मूल लेखक अम्बेडकरले उठाएका प्रश्नहरूको उत्तर दिने प्रयास गर्नुभएको छ । भदन्त आनन्दले आफ्नो मौलिक चिन्तनका आधारमा अम्बेडकरका प्रश्नको उत्तर दिएको भने देखिदैन । उहाँले अम्बेडकरका प्रश्नलाई पुनर्पुष्टि र पुनर्व्याख्या मात्र प्रस्तुत गर्नुभएको देखिन्छ । आफ्नो व्याख्यालाई सान्दर्भिक तुल्याउन भदन्त आनन्दले त्रिपिटकमा संग्रहित अट्ठ कथाको आधार लिनु भएको छ । उहाँले मिलिन्द प्रश्न, विशुद्धिमग्गो, बुद्धचरित जस्ता प्रसिद्ध कृतिहरू पनि सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्नुभएको छ । अम्बेडकरले उठाएका प्रमुख चार प्रकारका समस्याहरूको विस्तृत उत्तर हिन्दी अनुवादकले आफ्नो नम्रनिवेदनमा उल्लेख गरिसक्नु भएको हुँदा ती प्रसङ्गहरू यहाँ छुट्टै पुनर्लेखन गर्नुपर्दैन । पाठकले स्वयम् पढेर समीक्षा गर्नुहुनेछ । यद्यपि हिन्दी अनुवादकले 'रामचरितमानस' का दोहाको अपव्याख्या गरेको गुनासो एवम् मार्क्सवादी पण्डित राहुल सांकृत्यायनले व्यक्त गरेको छद्म प्रशंसाप्रतिको उदासीनता यथावत् चर्चामा रहेकै छ । भदन्त आनन्द कौशल्यायनले डा. अम्बेडकरको लेखकीय विनम्रता र सौजन्यतालाई पनि उछिनेर "हामीलाई कसैको पनि साम्प्रदायिक मान्यताहरू खण्डन गर्दै हिंड्ने आवश्यकता छैन तर यदि तिनीहरू हाम्रो सांदृष्टिक धर्मपालनको मार्गमा बाधा भएर उभिइदिन्छ भने त्यसप्रति कदाचित् सशंकित हुनुपर्ने हुन्छौं" भन्ने अभिव्यक्ति दिएर एकप्रकारको पूर्वाग्रह देखाउनु भएको भए तापनि डा. अम्बेडकरले भने पूर्वाग्रह रहित भएर भगवान बुद्ध र उहाँको धर्मलाई खुला रूपमा मानव जाति समक्ष प्रस्तुत गरेर अविस्मरणीय गुन लगाउनु भएको छ ।

मूल लेखक र हिन्दी अनुवादकका बीच देखिएको पार्थक्य र समान दृष्टिकोणबारे छोटो चर्चा पछि अब हिन्दी संस्करणका प्रकाशक 'पिपल्स एजुकेशन

सोसाइटीका अध्यक्ष आर.आर. भोलेको प्रकाशकीय र सोसाइटीका सदस्य-सचिव कृ.भि. तथा घनश्याम तलवटकरबाट पनि डा. अम्बेडकरकै विचारलाई पुष्टि गर्दै भगवान बुद्धलाई जनजनका हृदयमा प्रतिष्ठित गर्न सक्ने यस्तो सरल र सरस ग्रन्थको प्रकाशन गर्न पाउनु गौरव अनुभव भएको भावना व्यक्त गरिएको छ ।

डा. अम्बेडकरले सन् १९५१ देखि लेख्न आरम्भ गरेको र यसको मूल अंग्रेजी संस्करण प्रथम पटक सन् १९५६ मा प्रकाशित भएको देखिन्छ । यसको हिन्दी संस्करण १९६१ मा प्रकाशित भएपछि यसको लोकप्रियता बढ्दै गयो र सन् १९७० मा मराठी भाषामा पनि प्रकाशित भयो । ग्रन्थको सुकीर्ति यसरी फैलियो र सो शुभ हिमाली पाखासम्म छरियो र यसैलाई अञ्जुलीमा समेटेर मीठो र सरल नेपाली भाषामा एवम् लालित्यपूर्ण शैलीमा अनुवाद गरेर पोखराका प्रतिभा ललितरत्न शाक्यले सम्पूर्ण नेपाली जनमानसमा बुद्ध र उहाँको धर्म सम्बन्धी ध्यानाकर्षण ल्याउनु भएको छ । भिक्षु महास्थविर सुदर्शनले भन्नुभए अनुसार "यो पुस्तक बौद्ध साहित्यमा लेखिएका पुस्तकहरूमध्ये अनुपम छ र आधुनिक पारामा लेखिएको छ । बुद्धका शिक्षा र चिन्तनहरूलाई आध्यात्मिक भन्दा विज्ञानमा आधारित भएकाले यसमा निहीत विचारहरू पढेर चिन्तन गरी व्यवहारमा उतार्न आवश्यक देखिन्छ ।"

वि.सं. २०५३ (सन् १९९६) मा प्रथम पटक नेपाली भाषामा प्रकाशित यो पुस्तकले छोटै समयमा लोकप्रियता हासिल गरेको हुँदा यो दोस्रो संस्करण वि.सं. २०६७ मा प्रकाशित गरिएको हो । यसको बढ्दो लोकप्रियताका सम्बन्धमा पहिलो नेपाली संस्करणको प्रकाशकीयमा धर्मशीला बुद्ध विहारका भिक्षु श्रद्धानन्दले भन्नुभएको छ "प्रायः लेखकहरूले बुद्धलाई चमत्कारिक देवताको रूपमा आफ्ना लेखहरूद्वारा प्रस्तुत गर्ने गर्दछन् तर यस पुस्तकका लेखकले उहाँलाई एउटा उत्कृष्ट मानवका रूपमा प्रस्तुत गर्नुभएको छ ।" दायक सभाका तत्कालीन अध्यक्ष तिलकमान गुभाजूले "अध्ययनकर्ता र जिज्ञासुहरूले अरू बीसौं किताबहरू पढेर भन्दा यसलाई पढेर बढी बौद्धिक खुराक प्राप्त गर्न सक्दछन्" भन्ने कुरा स्पष्ट पार्नुभएको थियो यो संस्करणको प्रकाशकीयमा । विषय प्रवेशको पूर्वकथन अहिले यत्ति ।

## ४. प्रस्तुतीकरण

भगवान बुद्ध र उहाँको धर्मको विस्तृत ग्रन्थागारबाट गहन अध्ययन र परिश्रमपूर्वक सार संग्रह गरी त्यसलाई श्रृङ्खलाबद्ध र पठनीय गति, यति, संगती मिलाएर पुस्तकीय आकार दिनु अत्यन्त कठिन र प्राज्ञिक सौष्ठवको परिचायक हो । डा. अम्बेडकरले बुद्धको धर्मलाई आठवटा काण्डमा सजाएर प्रस्तुत गर्नुभएको छ ।

पहिलो काण्डमा सिद्धार्थ गौतम कसरी सम्यक सम्बोधि प्राप्त गरेर सम्यक-सम्बुद्ध भए भन्ने जिज्ञासाको सही विवरण प्रस्तुत भएको छ । यसमा जन्मदेखि सन्यास ग्रहण अर्थात् प्रवज्यासम्मको अन्तर्यात्रा प्रतिविम्बन भएको छ । प्रथम काण्डभित्र सातवटा भागमा विभक्त घटनाक्रम हेर्दा भगवान बुद्धको जीवनी र उहाँको नयाँ धर्मको आविष्कार सहित समकालीन धर्म, संस्कृति र दर्शन तथा प्रसिद्ध विद्वत व्यक्तित्वहरूको र शासकहरू समेतको युगीन विचार प्रकट हुन पुगेको छ ।

दोस्रो काण्डमा डा. अम्बेडकरले भगवान बुद्धको धर्मदीक्षा आन्दोलनको रूपरेखा प्रस्तुत गरेका छन् । यो काण्ड आन्दोलनकै काण्डका रूपमा चित्रण गरेर बुद्धलाई एउटा युग प्रवर्तक महापुरूष सिद्ध गर्ने प्रयत्न सफलतापूर्वक सम्पन्न भएको छ । बुद्धको बुद्धत्व यही धर्म दीक्षा आन्दोलनका माध्यमबाट मानव समुदाय समक्ष नयाँ मार्गदर्शन र नयाँ गतिशीलता अनि नयाँ लक्ष्य प्राप्त गर्ने प्रेरणा स्रोतका रूपमा स्थापित भएको छ । त्यसबेला मानिसले मानिसलाई शोषण गरेको, अवदमन गरेको र अज्ञान, अन्धविश्वास, अनैतिकता एवम् दानवीयताको क्रुरतम प्रदर्शन गरेको अन्धकार युगमा भगवान बुद्धको आन्दोलनले मरूभूमिमा वर्षा भए जस्तै पीडित मानवतालाई मैत्री र करूणाको वर्षाद्वारा शीतलता र दुःखमुक्तिको अनुभूति गराएको थियो भन्ने कुरा त्रिपिटक अन्तर्गत खुद्दक निकायको सुत्तनिपात अठ्ठक वग्गमा वर्णित तीनवटा पाली भाषाका श्लोकबाट प्रस्ट हुन्छ । (हेर्नु: प्रस्तुत पुस्तक नम्र निवेदन)

तेस्रो काण्डमा धर्म के हो ? अधर्म के हो ? र सद्धर्म के हो भन्ने बहुचर्चित जिज्ञासाको समुचित समाधान प्रस्तुत गरिएको छ । यद्यपि यो समाधानप्रति त्यसबेलाका प्रसिद्ध धर्माचार्यहरूको विमति पनि त्यत्तिकै प्रखर ढङ्गले प्रस्तुत भएको थियो । तर भगवान बुद्धले नैतिकता, मानवता र व्यवहारिकतालाई केन्द्रमा राखेर

आफ्नो अभिमत प्रकट गर्नुभएको कारण लोकले सहर्ष स्वीकार गर्न थालेको हुँदा उहाँको प्रतिरोधमा उठ्ने सबै स्वरहरू अस्वीकृत हुन पुगेका छन् । सबैभन्दा महत्त्वपूर्ण कुरा के थियो भने भगवान बुद्धले आफूलाई अलौकिक भगवानका रूपमा चिनाउनु भएन । मुक्तिदाता, ईश्वर पुत्र वा कुनै अवतारका रूपमा उभ्याउनु भएको थिएन । बुद्धले आफूलाई मार्गदर्शक मानवका रूपमा चिनाउनु भएको थियो । मनलाई निर्मल पार्नु, प्रज्ञाभाव आर्जन गर्नु, मैत्री र करूणाको बृद्धि गर्नु तथा सामाजिक भेदभाव निर्मूल पार्नु जस्ता शिक्षा प्रदान गर्नु बुद्ध धर्मको विशिष्टता हो ।

यो ग्रन्थको चौथो काण्डमा धर्म भनेको मजहब अर्थात् सम्प्रदाय मात्र होइन यो नैतिकता, सदाचार तथा पवित्रता र व्यापकताको प्रतीक हो । धर्मका सम्बन्धमा बहुचर्चित विषय पुनर्जन्म हो अनि कर्म हो, अहिंसा हो, आत्मा हो र ईश्वर हो । भगवान बुद्धले यी सबै प्रश्नहरूको ओठे जवाफ दिनुभन्दा असल मानव कसरी बन्न सक्दछ । सुखी गृहस्थी जीवन कसरी यापन गर्न सकिन्छ, मानिसको पतन कसरी हुन्छ र त्यसबाट जोगिन के कस्तो आचरण गर्नुपर्दछ भन्ने प्रस्ट दृष्टिकोण र प्रक्रिया सबै सामु राख्नुभएको छ । मुख्य कुरा त्यसबेला पनि सामाजिक राजनैतिक कारणले शान्ति भङ्ग भइरहेको हुँदा समाजमा भेदभाव उन्मूलन हुनुपर्दछ र तत्कालीन राजाहरूले युद्ध निषेध गर्नुपर्दछ भन्ने समादेश गर्दै यसको कार्यान्वयन गर्नका लागि बौद्ध जीवनमार्ग प्रस्तुत गर्नु बुद्ध धर्मको प्रमुख विशेषता हो ।

अब हेरौं यो ग्रन्थको पाँचौं काण्डमा । भगवान बुद्धले आफ्नो जीवनमा एउटा नयाँ मोड दिनुभएको छ । यो मोडले बुद्धको दूरदर्शिता र उहाँको धर्मको निरन्तरतालाई संस्थागत गर्ने युगीन चेतनालाई प्रतिबिम्बित पारेको छ । बुद्धको यही निर्णयकै वरदान स्वरूप आज मानव समाजले भगवान बुद्ध र उहाँको धर्मको आलोकमा आफ्ना मनका दु:ख सन्ताप र गन्तव्य हीनताबाट सुख, शान्ति र लक्ष्य निर्धारण गर्ने प्रेरणा स्रोत प्राप्त गरेको छ । के हो त बुद्धको वरदानयुक्त निर्णय ? त्यो हो भिक्षु संघको गठन । यदि बुद्धले धर्मप्रचार मात्र गरेर हिंडेको भए उहाँको महापरिनिर्वाण पछि क्रमश: बुद्ध र उहाँको धर्म दुवै निधि समयको प्रवाहमा विलीन हुने थियो । स्वयम् बुद्ध आफैंले भिक्षु चयन गर्नु र संघ सञ्चालन गर्नु आफैंमा महान कार्य थियो । आफ्नो शिक्षा, दर्शन र दृष्टिकोण तथा जीवन चर्यालाई उदाहरणका रूपमा स्थापित गर्नु सहज कार्य थिएन । बुद्धले भिक्षुलाई आचारणमा राख्नुभयो र भिक्षुले गृहस्थलाई भगवान बुद्धको शिक्षा प्रदान गरिरहने परम्परा बसाल्नु भयो । अहिले पनि भिक्षुहरूबाट सोही आदर्श परम्पराको अनुसरण र वहन भइरहेको यो गौरव हामी नेपालीलाई पनि प्राप्त भइरहेको छ ।

भगवान बुद्ध र उहाँका समकालीनहरूमध्ये उहाँका समर्थक, उहाँका बिरोधी र आलोचकहरूले परस्पर अन्तरक्रियाका प्रशस्त घटनाहरू यो ग्रन्थको छैठौं काण्डमा समावेश गरिएको छ । यसबाट बुद्धकालीन समाज र त्यसका मूल्य, मान्यता एवम् परम्परागत सोच विचारको झलक प्राप्त गर्न सकिन्छ ।

यो ग्रन्थको सातौं काण्डले भगवान बुद्धको जीवनका उत्तरार्द्धमा सम्पन्न औपचारिक अनौपचारिक परिचर्याहरूका सम्बन्धमा प्रकाश पारेको छ । यो चरणलाई ग्रन्थले महान परिव्राजकको अन्तिम चारिका संज्ञा दिएको छ । यसमा बुद्धका परिवारसँगको अन्तिम भेट, वैशालीबाट कुशीनगरतर्फ प्रस्थान, अन्तिम धर्म दीक्षा र महापरिनिर्वाणको हृदयस्पर्शी विवरण रहेको छ भने बुद्धपछि संघको सामूहिक निर्णय नै लागु हुने तथा बुद्धको उत्तराधिकारी कुनै एउटा व्यक्ति नहुने उल्लेखनीय विवरण पनि अध्ययन योग्य छ ।

'भगवान बुद्ध र उहाँको धर्म' ग्रन्थको आठौं काण्ड अन्तिम काण्ड हो । यो काण्डमा भगवान बुद्धको व्यक्तित्व, भगवान बुद्धको मानवता एवम् तथागतको चाहना र उपेक्षा सम्बन्धी विविध प्रसङ्गहरू उल्लेख गरिएको छ । अन्तमा समाप्ति गर्दा भगवान बुद्धको प्रशास्ति संग्रह गरिएको छ, जसले एउटा बौद्धिक बहसको थालनी गरेको छ । लेखक डा. अम्बडेकारले अन्त्यमा बुद्धधर्मको प्रचार गर्ने प्रतिज्ञा गर्दै बुद्धको आगमन यो धर्तीमा फेरि हुनुपर्दछ भन्ने प्रार्थना पनि गर्नुभएको छ । यो प्रार्थना सबै मानब जातिको प्रार्थना बनोस् । यो ग्रन्थको विषय प्रवेश र प्रस्तुतीकरणका सम्बन्धमा यत्ति नै यथेष्ठ छ । ग्रन्थ पारायणबाट पूर्ण लाभ लिने अवसर सबै पाठकहरूलाई पनि प्राप्त भइरहोस् भन्ने उद्देश्यले यो परिचय दिइएको हो । अस्तु । भवतु सब्ब मंगलम् ।

# बुद्धको जन्मस्थल लुम्बिनी

केशरी बज्राचार्य

एकीकृत माओवादीका दीनानाथ शर्माद्वारा लिखित बुद्धबारे भ्रामक सन्देश सम्बन्धी लेख कान्तिपुर दैनिकमा (२०१० जनवरी २) पढ्ने मौका मिल्यो । द पोष्ट अमेरिकन वर्ल्ड पुस्तकमा उल्लेख भएको बुद्ध बारेको प्रसग नेपालको राजनीतिमा सक्रिय व्यक्तिले चर्चामा ल्याउनुभएकाले त्यसबारे थप प्रतिक्रिया आउनु स्वाभाविक हो । भारतीय मूलका फरिद जकारियाले अंग्रेजीमा लेखेको पुस्तकमा बुद्ध भारतमा जन्मिएका थिए भनी गलत कुरा लेखेकोमा स्वाभिमानी नेपाली भएको नाताले चित्त दुखाएर प्रतिवाद गर्नु सराहनीय छ । मलाई पनि चित्त नबुझेकोले ऐतिहासिक सत्यका आधारमा यहाँ केही विश्लेषण गर्न चाहन्छु ।

त्यो प्रसंगले नेपालीहरूमा ठूलै तरङ्ग ल्याउनुपर्ने हो । तर त्यस्तो केही देखिन । एकजना पाठकले मात्र लेखकको विचारसित असहमत हुँदै प्रतिक्रिया जनाएको पाइयो । नेपालका कुनै बौद्ध संघसंस्थाले पनि त्यसबारे थप प्रतिक्रिया दिएको देखिएन । कहलिएका बौद्ध संघसंस्थाले त्यसबारे भर्त्सना गर्नुपर्ने हो । त्यस्तो केही नदेखेर यहाँ आफ्नो अनुभवका आधारमा विचार पोख्ने प्रयास गरेकी हुँ ।

केही वर्षअघि हलिउडका प्रसिद्ध निर्देशक बर्टुलुचीले नेपालमा लिटिल बुद्ध नामको फिल्मको छायाङ्कन गर्ने सिलसिलामा हाम्रा बुद्धलाई लिटिल भन्ने ? भनेर केही जोशिला नेपाली युवाहरू सञ्चार मन्त्रालयमा धावा बोल्न गएका थिए । महान बुद्धलाई लिटिल भन्नेलाई कुनै हालतमा पनि छायाङ्कन अनुमति दिनुहुँदैन भनी उनीहरूको कडा विरोध भएको थियो । यदि अनुमति दिने हो भने हामी आफ्नो छातीमा पहिले ग़ोली थाप्न तयार छौं । लौ त अनुमति दिइहेरोस् भन्ने युवाहरू कमिज च्यातेर छाती देखाउँदै सञ्चारमन्त्रीको कार्यकक्षमा बुरूक्क उफ्रिएका थिए । सञ्चारमन्त्रीले जोशिला युवाहरूको भावनाको कदर गर्दै फिल्ममा लिटिल शब्द नराख्ने शर्तमा भक्तपुरमा छायाङ्कन अनुमति दिनुभएको थियो । फिल्म निर्माण पूरा भएपछि पूर्वशर्त पालना भएको देखिएन फिल्म हलमा सार्वजनिक प्रदर्शन पनि भयो । वास्तवमा बुद्धलाई लिटिल भनिएको रहेनछ । त्यो एउटा अवतारी लामाको बाल्यावस्थाको कथामा आधारित फिल्म भएकाले सानो अवतारी लामालाई पो लिटिलबुद्ध भनेका रहेछन् । तथापि नेपाली युवाहरूको त्यसबेलाको प्रतिवाद बुद्धप्रतिको अगाढ श्रद्धा नै थियो । अवश्य पनि नेपालीहरूमा त्यस किसिमको श्रद्धाभाव अहिले पनि यथावत् छ ।

यहाँ त्यो प्रसङ्ग ल्याउनुको मतलब नेपाली युवाहरूमा त्यसबेला देखिएको जोशलाई अहिलेको फरिद जकारियाको पुस्तकप्रति पनि त्यस्तै जोशिलो प्रतिवाद हुनुपर्ने थियो । तर हालसम्म कुनै ठोस प्रतिवाद भएको देखिएन । त्यस्तै सरकारको तर्फबाट पनि त्यो पुस्तकबारे कुनै ठोस प्रतिक्रिया आएको छैन । लेखक शर्माले सम्बन्धित सरकारी पक्षलाई ध्यानाकर्षण गराउनुभएको कुरा त्यही लेखमा पनि छ । तथापि सरकारको तर्फबाट पुस्तकका सम्बन्धमा हालसम्म कुनै कुरा सार्वजनिक भएको छैन ।

लुम्बिनीमा बुद्धजन्मस्थलको ऐतिहासिक एवम् पुरातात्विक प्रमाणलाई संयुक्त राष्ट्रसंघ समेतले पूर्णमान्यता दिएर लुम्बिनी विकास गुरुयोजना स्वीकृत भएको हो । संयुक्त राष्ट्रसंघमा यो गुरुयोजनालाई सहयोग गर्न सन् सत्तरीको दशकमा नै १३ राष्ट्र सम्मिलित लुम्बिनी विकास सहयोग समिति बनेको थियो । सन् १९९७ मा आएर लुम्बिनीलाई विश्वसम्पदा सूचीमा समावेश गर्ने बेलामा पनि एउटा छुटै पुरातत्व विशेषज्ञ टोली पठाएर संयुक्त राष्ट्रसंघले आधिकारिकता पुष्टि गरेपछि विश्वसम्पदा सूचीमा सूचिकृत गरिएको हो ।

२६ सयवर्ष अघि यही धरतीमा जन्मिएका शाक्यमुनि गौतम बुद्धलाई संसारका महानतम् पूजनीय विशिष्ट व्यक्ति भनी सम्राट अशोकले लुम्बिनीमा अभिलेखसहित शिलास्तम्भ खडा गरेको पनि २ हजार वर्षभन्दा बढी भइसक्यो । त्यस ऐतिहासिक अभिलेखलाई प्रामाणिक आधार मानेर विश्वसम्पदा

सूचीमा लुम्बिनीलाई सूचिकृत गरिएको वर्तमानको प्रमाण घामजस्तै छर्लङ्ग छ । यस्तो कुरालाई बेवास्ता गरेर जकारियाले आफूलाई इतिहासका ज्ञाता हुनबाट आफैलाई बञ्चित गरेका छन् । कुनै भारतीय सामान्य टुरिष्ट गाइडले पर्यटकलाई लुम्बिनी भ्रमण गराउँदा भन्ने गरेको कुरालाई हामी पनि बेवास्ता गर्न सक्छौं । तर जकारियाजस्ता लेखकले बिना कुनै आधारमा यस्तो भ्रम फैलाएको कुरा सामान्य होइन । उनी भारतका महापात्र भन्ने एकजना पुराना प्राध्यापकको पूर्वाग्रही टिप्पणीबाट प्रभावित देखिन्छन् । महापात्रले सन् १९३० मा नै यस किसिमका भ्रमपूर्ण टिप्पणी गर्दै बुद्धको जन्म उडिसामा भएको भनी कथित पुस्तक लेखेका थिए । इतिहासविद्, पुरातत्वविद् तथा विद्वानहरूबाट त्यसको प्रशस्त विरोध भइसकेको छ । वर्तमानका विश्वसनीय आधारलाई बेवास्ता गरेर आफ्नो पूर्वाग्रही कलमले बुद्धलाई भारतमा जन्मेका हुन् भनी भएको दुस्प्रचारमा दुराशय रहेको आशंका हुनु स्वाभावकै छ । त्यसखाले दुराशययुक्त विवादास्पद भनाइलाई आधार बनाएर बुद्ध भारतमा जन्मिएका थिए भन्नु सरासर झुट र बेइमानी पनि हो ।

यो विषयमा एकपटक नेपालका कुनै एकजना बृद्ध व्यक्तिले पनि बुद्ध उडिसामा जन्मेका भन्छन् । त्यो कुरा हो कि होइन भनेर लुम्बिनी विकास कोषले भ्रमण भत्ता दिएर एकटोली उडिसा पठाउनुपर्छ भनी कोषका तत्कालीन उपाध्यक्षलाई लुम्बिनीमा नै भएको एक गोष्ठीमा कुतर्क गर्दै भनेका थिए । गलत सल्लाह दिने त्यस व्यक्तिलाई तत्कालीन उपाध्यक्षले तत्कालै झन्नै झन्नै अपशब्द प्रयोग गरी झपार्दै भनेका थिए । तपाईं आफैं जानुस् । कसले रोकेको छ । कोषले त्यस्ता फजुल काम कदापि गर्ने छैन भनी उसको मुख बन्द गरिदिएका थिए । त्यो बृद्ध व्यक्ति पूर्वराजा ज्ञानेन्द्रको पालामा लुम्बिनीकै नाममा स्थापना भएको विश्वविद्यालयमा उपकुलपतिसम्म भएका थिए । कस्तो बिडम्वना ? त्यस्ता कुतर्कपछि लुम्बिनीलाई हरबखत विवादमा तानेर बुद्धको अवमूल्यन गर्न खोज्ने मानिस भारतमा मात्र होइन नेपालमा पनि रहेछन् भनी बुद्धिजीवीहरूमा चिन्ता बढेको छ । अब त्यो कुतर्कलाई हावा दिने कार्यमा भारतीय मूलका फरिद जकारियाहरू पनि सामेल भएकोमा त्यसलाई धिक्कार्दै त्यो झुट र बेइमानी कुनै हालतमा पनि स्वीकार्य छैन भनी जकारियाको त्यो विवादास्पद पुस्तकलाई नेपाल सरकारले कडा प्रतिबन्ध लगाउनुपर्छ । अन्यथा यस्ता जकारियाहरूले नेपालभित्र नै कुतर्क गर्ने दुस्साह गर्न छाड्ने छैनन् । मौका पाउने बित्तिकै जाडोमा कठाङ्ग्रिएर दुलोभित्र पसेका सर्पले झैं फेरि विष भरिएको टाउको उठाएर नेपालीकै मान मर्यादा र शानमा डस्न बेर लाउने छैन । भारतका महापात्र र भारतीय मुलका जकारियाहरू नेपालकै त्यस्ता प्रवृत्तिका मानिसहरूलाई बुद्धजन्मस्थल लुम्बिनीबारे कुतर्क गर्ने दुस्साहसलाई हतोत्साही बनाउनुपर्छ भन्ने हाम्रो आग्रह हुनुपर्छ ।

केही वर्ष अघि हलिउडकै एकजना हास्य कलाकारले बनाएको चलचित्रमा बुद्ध मूर्तिको काँधमा आफैंले घोडा चढेको तस्वीर देखाएर प्रचार गरेको थियो । त्यसबारेमा पनि संसारभरी तीब्र विरोध प्रतिक्रिया भएको थियो । इन्टरनेटमा देखाइएको त्यस चित्रबारे विरोध र प्रतिवाद गर्दै गोरखापत्रमा एउटा लेख प्रकाशित भएको थियो । त्यसपछि लुम्बिनी आसपास भैरहवामा सार्वजनिक रूपमा तीब्रविरोध प्रदर्शन भएको थियो । बुद्धलाई श्रद्धा गर्ने संसारका विभिन्न देशमा विरोध जनाइएको थियो । प्रतिक्रियाले इन्टरनेटको थुप्रै ठाउँ लिएको स्मरणीय छ । त्यो विरोध प्रक्रिया इन्टर नेटमा महिनौं दिनसम्म चल्यो । अन्त्यमा हलिउडका त्यस फिल्म निर्माता हास्यकलाकारले सार्वजनिक रूपमा माफी मागेका थिए । फरिद जकारियालाई पनि उसको गल्ती स्वीकार गर्न, सार्वजनिक माफी माग्न बाध्य पार्नुपर्छ । अन्यथा त्यस्ता कुतर्क गर्नेहरू बारम्बार देखा पर्नेछन् ।

नेपाल सरकारले अहिलेसम्म यसबारे कुनै चियोचर्चा नगर्नु आश्चर्यजनक छ । समय छँदा नै सरकारी स्तरबाट विरोध र पुस्तकलाई कडा प्रतिबन्ध लगाउनु पर्छ । संयुक्त राष्ट्रसंघमा नै संस्कृति मन्त्रालयले विरोधपत्र किन नपठाउने ? होइन भने संयुक्त राष्ट्र संघले गरेको त्यस्तो महान निर्णयप्रति अनादर गर्नेहरूको पुनरावृत्त भइरहनेछ ।

हामीसँग बुद्धजन्मस्थल लुम्बिनी बारे थुप्रै ऐतिहासिक तथा पुरातात्विक प्रमाणहरू छन् । यो कुरा

जगजाहेर छ । पुरातात्विक आधारमा भारत सरकार आफैंले पनि त्यस्ता गैर जिम्मेवारपन देखाएर लेखिएको पुस्तकको खण्डन गर्नुपर्ने हो । तर त्यसो पनि भएको छैन । हामी आशा गरौं चाँडै सरकारीस्तरबाट त्यस किसिमको गैर जिम्मेवारपूर्ण गलत टिप्पणीको खण्डन समयमा नै हुनेछ ।

बुद्धको जन्मस्थल लुम्बिनी जत्तिकै बुद्धसँग सम्बन्धित तीनवटा विश्वप्रसिद्ध ठाउँ बोधिज्ञान लाभ भएको बुद्धगया, प्रथम धम्मचक्रप्रवर्तन भएको सारन्नाथ र महापरिनिर्वाण भएको कुशीनगर भारतमा नै भएकाले लुम्बिनी पनि भारतमा नै छ भन्ने भ्रमलाई हटाउन गणतन्त्र नेपालले अग्रसर हुनैपर्छ । नेपाली जनता जागरूक हुनैपर्छ ।

यस्ता कतिपय विवादास्पद कुराहरू नेपालीहरूबाट नै जानेर वा नजानेर सार्वजनिक सञ्चार माध्यममा आउने क्रम जारी छ । हेर्दा, पढ्दा हामीलाई नै आश्चर्य लाग्छ । कान्तिपुरमा नै छापिएको एक समाचार अनुसार चीनमा नेपालका राजदूत टंक कार्कीले कुनै एकदुई चिनिया मित्रहरूसँग कुराकानी गर्दा उनीहरूलाई बुद्ध नेपालको लुम्बिनीमा जन्मिएको भन्ने थाहा रहेनछ भनेको कुरा समाचार बनेको छ । एक अर्ब पच्चीस करोड जनसंख्या भएको चीनका दुईजना नागरिकलाई त्यसबारे थाहा नहुनु कुनै आश्चर्य होइन । लौ भनौं नेपालको जनसंख्या जति नै दुई करोड तीस लाख जनतालाई नै त्यो कुरा थाहा नभए पनि त्यो कुनै ठूलो आश्चर्य होइन । एक अर्ब तेइस करोड चिनियाँलाई थाहा छ भने त्यसमा के आश्चर्य ? समाचार प्रकाशन हुनुको उद्देश्य स्पष्ट छैन । लुम्बिनीको नाममा नेपालको पर्यटन विकास गर्ने उद्देश्य हो भने केही भन्नु छैन । तर नेपालको लुम्बिनीमा बुद्ध जन्मेको इतिहास चीनका बौद्धहरूमध्येका नै कतिपयलाई थाहा छैन भन्नु आश्चर्य होइन । चिनियाँहरू सबै बौद्ध नहुन सक्छन् । तर उनीहरूलाई बुद्धको महानतासँग सरोकार हुन सक्छ । वास्तविक बौद्धहरू चाहे चीन वा संसारका कुनै देशका किन नहुन् लुम्बिनी उनीहरूका लागि पवित्र तीर्थस्थल हो । रमाइलो गर्ने पर्यटन केन्द्र होइन । के हामीले नेपालका अति दुर्गम क्षेत्रमा बसोबास गर्ने कुनै नेपालीलाई बुद्ध कहाँ जन्मिएका थिए भनी सोधेका छौं ? त्यसको लेखा राखेका छौं ? राखेका छैनौं ।

◇◇◇


*विजया दशमी अहिंसा पर्व हो ।*

सम्राट अशोकले हत्या, हिंसाको मार्ग त्यागेर अहिंसा धर्ममा लागेको दिन विजयादशमी हो ।

हत्या, हिंसा र बलिप्रथाको अन्त होस्
जताततै सुख र शान्ति छाओस्
आरोग्य र वैभवले पूर्ण होस्
यही शुभकामना छ ।



**गोविन्द ताम्राकार**
सचिव

**क्षेत्रलाल कायस्थ**
सभापति

**दायक सभा, धर्मशीला बुद्ध विहार**
पोखरा-३

# साँस्कृतिक पर्वमा प्राणी–हिंसा
# शास्त्रीय मान्यता कि सामाजिक परम्परा ?

■ भूपनिधि पन्त

हिन्दू संस्कृतिका अनेक पर्वहरू मध्ये एउटा महत्त्वपूर्ण पर्व हो 'विजयादशमी' यसको पयार्यवाची शब्द 'टीका' पनि हो । टीका यस अर्थमा कि विजयादशमीका दिन भन्दा अघि असोज शुक्ल प्रतिपदाको दिन, जसलाई 'घटस्थापना' पनि भनिन्छ, त्यो दिन दीप प्रज्वलन गरी गणेश, कलश र नवदुर्गा स्थापना गरी नवदुर्गाको आडमा जौ र मकैको जमरा राखिन्छ र साँझ र बिहान दुर्गाकवचदेखि दुर्गाशप्तशतीसम्म पाठ गरेर उक्त स्थापना गरिएका देव-देवीको पूजा, आराधना गर्ने प्रचलन छ । नित्य नौ दिनसम्म यसरी पूजा गर्दा जमराको पनि पूजा गरिन्छ र अष्टमी, नवमीका दिनमा शक्तिपीठ देवीका मन्दिरहरूमा र प्रायः हिन्दू धर्मावलम्बीका घरमा छागवलीको रूपमा बोका र कसैले पंक्षीहरू-कुखुरा, परेवाको बली पनि दिने गर्दछन् । अझ देव देवीको शक्तिपीठमा कसैले पञ्चवलीको रूपमा- बोका, भेडा, राँगो, हाँसको फुल र कुबिण्डोको बली पनि दिने गर्छन् । अष्टमी नवमीका दिनमा दिइने यस्ता निरीह प्राणीको बलिदानले रङ्गिएका देवीका पीठहरू वा हिन्दू धर्मका शाक्त सम्प्रदायको घर अहिंसावादीका निम्ति ज्यादै भयावह देखिन्छन् र यसप्रकारको दृश्यले आफ्नो महत्त्वपूर्ण साँस्कृतिक पर्वमा हिन्दूहरू कतिसम्म निर्दयी हुनेरहेछन् भन्ने पनि आभाष दर्शिन सक्दछ । यसैले यस्तो सांस्कृतिक पर्वमा प्राणी हिंसा गर्नुमा शास्त्रीय मान्यता नै हो कि सामाजिक परस्पराको प्रतीक हो ? यस सम्बन्धमा छलफल गर्नु यो लेखेको उद्देश्य रहेको छ ।

शब्दकोशले हिंसाको अर्थ कायिक, वाचिक, मानसिक रूपले कसैको चित्त दुखाउनु वा कुनै प्राणीको बधगर्नु वा विध्वंसगर्नु, लुट्नु, डकैतगर्नु वा कुनै प्रकारले क्षति पुर्याउन अथवा आ-आफ्नो धर्मशास्त्रको आड लिएर पशु-पंक्षी मार्ने र विनाकाम पनि रूख, लहरा, काट्ने, मास्ने जस्ता परपीडाजन्य कामहरू पर्दछन् । अहिंसाको अर्थ बौद्धमत अनुसार चर अचर कसैलाई पनि दुःख नदिनु, प्राणी हिंसा नगर्नु भन्ने पाइन्छ । योगशास्त्र अनुसार पाँचथरी यममध्ये प्रथम मन, वाणी र शरीरले कुनैपनि प्राणीलाई दुःख नदिनु भन्ने पाइन्छ । श्रीमद्भगवद्गीताले अहिंसालाई दैवी सम्पदा, शारीरिक तप र ज्ञानको प्रतीक मानेको छ । मनुस्मृतिमा अहिंसालाई मन, वाणी र शरीरलेसमेत कसैलाई दुःख नदिने कार्य मानेको पाइन्छ । यसैलाई अझ स्पष्ट पार्दै मनुस्मृतिमा भनिएको छ- 'जो व्यक्ति मनुष्य भएर पनि अहिंसक अर्थात् निरपराधी प्राणीहरूलाई आफ्नो आनन्दकालागि दुःख दिन्छ, त्यसको हिंसा गर्दछ, यस्तो व्यक्ति न त यस जन्ममा सुखी रहन्छ, न मृत्युपश्चात् नै स्वर्गको सुख प्राप्त गर्न सक्छ ।' 'अहिंसा परम धर्म हो' भन्ने सन्त महात्माहरूको वचन छ भने आफ्ना अठार पुराणको सारांशमा महर्षि व्यासका केवल दुई शब्द मात्र छन्, ती हुन्- 'परोपकार गर्नु पुण्य हो र परपीडा दिनु पाप हो ।' यस्ता शास्त्रीय उक्तिबाट हिन्दू धर्मशास्त्रले अहिंसालाई सर्वोपरी स्थान दिएको हामी पाउँछौं ।

बौद्ध धर्ममा भगवान बुद्धले सारनाथमा धर्मचक्र प्रवर्तनको समय सर्वप्रथम 'पवित्रताको पथ' बारेमा असल जीवनका पाँच मापदण्ड मानेका छन् । यसलाई 'पञ्चशील' पनि भनिन्छ । पञ्चशील यसप्रकार छन्- १) प्राणी हिंसा नगर्ने, २) चोरी नगर्ने, ३) व्यभिचार नगर्ने, ४) झुठो नबोल्ने, ५) नशालु चिज ग्रहण नगर्ने । भगवान बुद्धले यज्ञको नाउँमा पशुहिंसा गर्नुलाई आपत्ति मानेका छन् । तर जैन धर्ममा जीवहिंसा कहिल्यै पनि गर्नु हुँदैन भन्ने चेतावनी पाइन्छ । बुद्धले पवित्रताको पथ असल जीवन र यसको मापदण्डका रूपमा पञ्चशीललाई मानेका हुँदा 'अहिंसा' बुद्ध धर्ममा अभिन्न रूपमा रहेको छ । हिन्दू धर्मका विभिन्न सम्प्रदाय र शैव सम्प्रदायवादीहरू पशुवली गर्दैनन् । शाक्त सम्प्रदायकै व्यक्तिहरू पनि देवीको पूजामा आजकल पशुवलीको सट्टा कुभिण्डो, नरिवल र अन्य प्रकारका पलफूल भोग दिएर पशुपंक्षीको हिंसालाई त्याग्न थालेका छन् ।

यसबाट प्राणी मात्रमा दयाको भावना सृष्टि हुन थालेको छ । मानवताकारी दृष्टिले यो राम्रो लक्षण हो ।

बीसौं शताब्दीमा राजनैतिक क्षेत्रमा ख्यातिप्राप्त व्यक्तित्व महात्मा गान्धी भन्छन्- 'यदि मलाई हिन्दू धर्मको व्याख्या गर्नको निमित्त भनियो भने म यति मात्र भन्न सक्छु, 'अहिंसात्मक साधनद्वारा सत्यको खोज ।' पूर्ण अर्थ हो प्राणी मात्रमा दुर्भावनाको पूर्ण अभाव, यसकारण अहिंसाभन्दा तलको कोटीको प्राणीमा, यहाँतक कि हानिकारक कीरा र पशुहरूको पनि समावेश हुन्छ । त्यसको सृष्टि हाम्रो विनाशक प्रवृत्तिहरूको पोषण गर्नको निम्ति होइन । अहिंसाको क्रियात्मक रूप हो, प्राणी मात्र प्रति सद्भाव र प्रेम ।

शक्तिरूपिणी भगवती देवीको आराधनामा पाठ गर्ने पवित्र ग्रन्थ दुर्गा सप्तशतीमा देवीलाई सम्पूर्ण प्राणीको मात्री रूप 'जगत्माता' मानिएको छ । सम्पूर्ण प्राणीको आमा भएकी भगवती देवीलाई उनकै सन्तानको बेली दिएर उनलाई सन्तुष्ट बनाउन खोज्नु हाम्रो मुर्खता हुन्छ कि हुँदैन ? दुर्गा सप्तशतीको प्रथम अध्यायमा सुरथ राजा र समाधि बानियालाई मार्कण्येय ऋषि भन्छन्- "विषय मार्गको ज्ञान सबै जीव र प्राणीलाई हुन्छ । त्यही विषय पनि सबै प्राणीका निमित्त एकनाश हुँदैन । कुनै प्राणी दिनमा देख्दैनन्, कुनै रात्रीमा देख्दैनन् । त्यस्तै कुनै जीव, दिन र रातमा पनि बराबरी नै देख्छन् । मानिसहरू ज्ञानी हुन्छन्, यो कुरा ठीक हो, तर केवल मानिस मात्र समझदार हुने होइन, पशुपक्षी र मृगादी सारा प्राणी पनि ज्ञानी नै हुन्छन् । मानिसहरूको समझ जस्तै पशुपंक्षीको र पशुपंक्षीको जस्तै मानिसहरूको समझ पनि हुन्छ । यो र अरू कुरामा पनि प्राय: दुवै थरीमा बराबरी समान किसिम हुन्छन् ।" ऋषिको यस उक्तिले मानिस र पशुपंक्षीमा ज्ञानको कुनै भेदभाव छैन भन्ने दर्शिएको छ । हिंसक पशुहरूको जस्तो हाम्रो अङ्गमा तङ्ग्रा र दाह्रा पनि छैनन्, पाचन प्रणाली पनि फरक छ । मानिसमा दया माया गर्ने चेतना पनि छ भने हिंसाबाट जहिले पनि मानिस सतर्क हुनुपर्छ । आफ्नो बुद्धि र विवेकलाई आफैंले शुन्यतामा परिणत गरी तिलाञ्जली दिनु पनि आत्म हिंसा जस्तै सम्झनुपर्दछ ।


सम्राट अशोकले हत्या, हिंसायुक्त युद्धको
विभीषिकाको अवबोध गरी अहिंसावादी बुद्धधर्ममा लागेको
दिन आश्विन शुक्ल दशमी हो ।

हत्या, हिंसा माथि मैत्री र अहिंसाको विजय भएको दिन अन्धकार माथि प्रकाशको
विजय भएको दिन विजया दशमी हो ।

**विजया दशमीको उपलक्ष्यमा हार्दिक शुभकामना !**

**बौद्ध अर्घौं सदन परिवार**

**गौतम बुद्ध मार्ग, पोखरा-१०**

# गुरुचेलाको सम्बन्धमा भगवान गौतम बुद्ध

■ महेन्द्रमान श्रेष्ठ 'व्यथित'

कसैसँगको कुनैपनि सम्बध प्रगाढ रहनका लागि उचित व्यवहार, कारण र विवेकको अनखट हुन्छ। सो को अभावमा मित्रता र सम्बन्ध दिगो रहन सक्दैन। कालजयी सम्बन्धका लागि एउटा हातले ताली बज्दैन।

गुरुचेला सम्बन्धको आधार आपसमा सम्मान हो। आदर, उचित व्यवहार विवेकमा भर पर्दछ। शोषण र अन्यायले सम्बन्धलाई स्थायित्व दिन सक्दैन। न्याय विनाको सम्मानको कुनै अर्थ रहँदैन।

भगवान गौतम बुद्धका धेरै चेलाहरू मध्ये सारिपुत्र र मौद्‌गल्यायन बौद्धिक एवं अनुशासित तथा दूरदृष्टिकोण, अन्वेषण र सच्चाईप्रति अविरल लागिरहने प्रिय व्यक्तित्व थिए। त्यसैले बुद्धले उहाँहरूप्रति ठूलो भरोसा गर्नुभएको थियो। उनीहरूले गुरुको विश्वासलाई कार्य र श्रद्धामा रूपान्तरण गरेका थिए।

उनीहरूको काम, व्यवहार, आचरण, दृष्टिकोण, अन्वीक्षण र शैलीलाई बुद्धले गहनतापूर्वक विश्लेषण गर्नुभई उनीहरूलाई साञ्है विश्वास गर्नुभएको थियो। देवदत्तको आचरण, व्यवहार, शैली र दृष्टिकोण आदिलाई बुझेर संघको प्रधान पद उनलाई दिन मान्नु भएन। सो पद उहाँले सारिपुत्र र मौद्‌गल्यायनलाई दिनु भएको थियो। किनभने देवदत्तमा क्रोध यथावत् थियो तर उनीहरूले क्रोधमाथि विजय प्राप्त गरेका थिए। देवदत्तले क्रोधलाई नजितेका कारणले पछिल्ला दिनमा बुद्धलाई मार्ने घातक प्रचेष्टा पनि गरेका थिए। तथापि सो प्रयास सफल भएन। क्रोध यथावत् रहेमा डाह-इर्ष्या जीवित रहिरहन्छ। ईर्ष्याले मित्रता र सद्‌भावको हत्या गर्दछ। बुद्धले आफ्ना चेलाका कुराहरूलाई गम्भीरतापूर्वक सुन्नुहुन्थ्यो। सुनिसकेपछि तथ्य, व्यवहार, कारण र ज्ञान-विज्ञानमा आधारित सल्लाह, सुझाव दिनुहुन्थ्यो। उक्त सल्लाहले हृदय र मस्तिष्कमा गहिरो प्रभाव पार्दथ्यो। परिणामत: त्यसलाई स्वीकारेर अघि बढ्नुभन्दा अरू विकल्प नरहने अवस्थामा रहन्थ्यो। चेलाको हेरविचार र सम्मान पनि उहाँले गर्नुहुन्थ्यो। त्यसैले बुद्ध चेलाको लागि श्रद्धेय र पूजनीय हुनुहुन्थ्यो। "श्रद्धा सर्वश्रेष्ठ धर्म हो" भन्ने बुद्धको भनाइको गहिरो अर्थ छ। उचित व्यवहार, ज्ञान, तर्क र मानमर्यादाले मात्र श्रद्धा जगाउँछ। यस विषयमा गहिरो हेक्का राख्नु उपयुक्त हुन्छ।

गुरुसँग चेलाले सोधपुछ गर्दा मालिक र नोकरको जस्तो हुनुहुँदैन। साथै नेता र कार्यकर्ताको जस्तो पनि हुनुहुँदैन। यस किसिमको प्रवृत्तिले गुरुचेलाको सम्बन्धमा अवरोध र अपराग ल्याउन सक्छ। कालान्तरमा गुरुचेलाको सम्बन्ध मित्रको जस्तो हुनुपर्दछ। यस सम्बन्धमा बुद्धले भिक्षु आनन्द स्थविरलाई भन्नु भएको थियो, "मित्रले मित्रसँग सोधे जस्तै गरी सोध"। बुद्धको यस भनाइले गुरुचेलाको मित्रताको स्थायित्वलाई इङ्गित गर्दछ।

गुरु र चेलाबीच मैत्रीपूर्ण सम्बन्ध नहुँदा चेलामाथि गुरुले र गुरुमाथि चेलाले पनि थुप्रै शोषण नगरेका होइनन्। मित्रता नहुँदा आपसको संवाद बन्द हुन्छ। संवाद समाप्तिपछि हार्दिकताको अन्त्य हुन्छ र कुटिलताका साथ चालहरू जन्मिन थाल्दछन्। त्यस्ता चाल भित्र खेलहरू उत्पन्न हुन सक्दछ। "हामी ख्याल ठट्टा गर्दा पनि झुटो कुरा नबोल्ने कुरा सिक्नुपर्दछ" भन्ने बुद्धको उक्तिलाई उपेक्षा गर्न मिल्दैन। त्यसैले हार्दिकता नभएको ठाउँमा स्नेह पनि रहँदैन। माया नभएको हृदयबाट क्रुरता जन्मन थाल्दछ। त्यस्तै किसिमको निर्दयता गुरु द्रोणाचार्यले चेला भनिएका एकलव्य प्रति देखाएका थिए। गुरुले चेलामाथि गरेको यो महापाप हो। यसै परिवेशमा गुरु परशुराम र भीस्मपितामह आपसमा नृशंसतापूर्वक गरेका युद्धलाई लिन सकिन्छ। चेला रावणले गुरु शिवजीको पत्नी पार्वतीलाई माग्नु अर्को अपराधको पराकाष्ठा हो। ईन्द्रले गुरु पत्नी अहिल्यामाथि अनङ्ग क्रीडा गर्नु जघन्य कुकर्म हो। भस्मासुरले गुरु महादेवमाथि मार्ने षडयन्त्र गरेर गुरुलाई लखेट्नु अन्यायको अर्को चर्को प्रमाण हो। गौतमबुद्ध

चेला "चुन्द" को घरको मांसाहारी भोजन खानुभएपछि बिरामी हुनुभयो । बिरामीको कारणले अन्तिम दिन आएको सम्झना भएपछि उहाँले भिक्षु आनन्दलाई यस बारेमा कसैलाई नभन्नु, यस किसिमको विषय थाहा पाएमा ठूलो बबाल हुन्छ भन्ने आश्चर्यको कुरा भन्नुभयो किनकि उहाँसँग भविष्यमा पर्न सक्ने दूरदृष्टिकोण पनि थियो । उहाँमा सहिष्णुता र सहनशीलता पनि थियो । उहाँले चुन्दलाई क्षमा दिनु भएको थियो । कुनैपनि सिद्धान्तलाई व्यवहारमा उतार्नु भएको यो ज्वलन्त प्रमाण थियो । चुन्दको उक्त घटना विनयशीलता, दया, अहिंसा र सहिष्णुताको अतुलनीय उदाहरण थियो । यस किसिमको व्यवहारले गर्दा पनि गुरुचेलाको सम्बन्धमा अविनाशी भइरहन्थ्यो र भइरहन्छ ।

चेला सारिपुत्र आफ्नै घरमा मर्न चाहन्थे । मरणको दिन नजिक आएको आभास भएपछि सारिपुत्रले मर्नको लागि अनुमति लिने सम्बन्धमा केही कुरा बुद्धसँग राखेका थिए । सारिपुत्रलाई जवाफ दिने क्रममा बुद्धले भन्नुभएको थियो, "प्रिय सारिपुत्र जस्तो तिमीलाई उचित लाग्छ त्यही गर" । यस संवादभित्र आत्मीयता, हार्दिकता, विनयशीलता र स्नेह छ । यस जवाफभित्र बौद्धिक कुटनीति पनि छ तर प्रतारण र सोको कुनै गन्ध छैन । गुरु चेला बीचको त्यो संवादभित्र कत्रो हार्दिकता र माया छ ? गुरु चेला बीचको अनुपम हार्दिकता त्यही संवाद हो । त्यो संवादभित्र गुरुप्रति कति ठूलो विश्वास भरोसा छ उल्लेख गर्न सकिँदैन ।

हरेक संवादभित्र सत्य, शील, करूणा, संयम, शुद्धि र बुद्धि राख्ने प्रचेष्टा हुनु आवश्यक छ । तब मात्र संवाद, हार्दिकता र स्नेहतर्फ निरन्तर अघि बढिरहन्छ । हार्दिकता र स्नेह समादरका परिशुद्ध भाव हुन् । बुद्धले भन्नुभयो, "जसमा सत्य छ, शील छ, करूणा छ, संयम छ, शुद्धि छ तथा बुद्धि छ, त्यही मानिस वास्तविक बुद्ध हो" । उक्त वाणीलाई आत्मसात गरेर गुरु-चेलाको सम्बन्ध भरपर्दो बनाउन प्रयत्न गरिरहनु पर्दछ । हरेक चेलाहरूले बुद्ध बन्ने प्रयासलाई परित्याग गर्नु हुँदैन । गुरुले आफू बुद्ध बनेर चेलालाई पनि निरन्तर बुद्ध बनाउने कोशिस भइरहेमा गुरु र चेलाको सम्बन्ध सुमधुर भइरहन्छ । बुद्धले दिन खोज्नु भएको सन्देश पनि यही जस्तो मलाई लाग्दछ ।

पो.उ.म.न.पा.-१५, नयाँगाउँ

कविता

# बुद्ध तिमी कहाँ छौ ?

कमल पौडेल 'अथक'
97460-06438
athakpaudel@yahoo.com

हे शान्ति दूत हे बुद्ध तिमी कहाँ छौ भनन
शान्तिको बिगुल बजाउँदै आऊ पारेर घनन

संसारमा आज हत्या र हिंसा अत्याचार भा'को छ
आफन्त भन्ने नातो र पातो टुटेर गा'को छ

घर घरमा आज झगडा हुँदा बालबच्चा डरमा
शान्तिको बिगुल नहुँदा बाँच्ने कसको भरमा

बाँचुन्जेलसम्म सब् मेरो भन्ने घमण्डी धेरै छन्
कोही चढ्छन् जहाज कोही सडकबाट हेरेका हेर्‍यै छन्

उपासक सबै खै बुद्ध आज भनेर बस्याछन्
पाउन दर्शन शरीरमा पूरा खरानी घस्याछन्

जहाँ छौ आउ नभूल अब यो सारा संसार
आउँछौ भनी खाली छन् यहाँ सबैका धन्सार

तिमीलाई देखे सब् प्राणी जगत हुनेछन् हर्षमा
जाँ' भएपनि फर्केर आऊ भर्सक यै वर्षमा

तिम्रो त्यो सन्देश भिज्नुपर्छ सबको मनमा
तब पो बल्ल उज्यालो हुन्छ रन र वनमा ।



Wondershare PDFelement

# Bio Data of

# Bhikshu Sangharakshit Sthavir "Pariyatti Saddhamma Kovid"



**Residential Address** : Ananda Bhuwan Vihar
Swayambhu, Bhuikhel-15, Kathmandu

**Contact No.** : 4671623 / 9721550198/ 9841-295242/ 9813602799
P.O.Box: 11616, Fax: 01-4671623

**Date of Birth** : 2036/07/07

**Certificate name**: Jujukaji Maharjan

**Monk name**: Bhikshu Sangharakshit

**Special Title**: "Pariyatti Saddhamma Kovid"

**Parent's name**: Father: Mr. Babukaji Maharjan
Mother: Mrs. Ratnamaya Maharjam

**Place of Birth** : Lubhoo-7, Lalitpur, Bagamati, Nepal

**E-mail Address** : sanga1000@yahoo.com / av11vihar@gmail.com
nepaldhammabook@yahoo.com/ amritopadesh_maz@yahoo.com

**First Ordination** : At the age of 11, at Sangharam Bhikshu Training Center in 2049 B.S., under the Preceptorship (Upadhyay) of late Ven. Sanghanayak Bhikkhu Aniruddha Mahathera "Aggamahasaddhamma Jotikdhaja" and main teacher (Acharya) as Ven. Upasanghanayak Bhikkhu Ashwaghosh Mahathera "Aggamahasaddhamma Jotikdhaja".

**Higher Ordition** : 16th July, 1999, Friday in Anandakuti Simagriha, Swayambhu, Nepal as same Preceptorship and same teacher as parent.

**Education** : Post Graduate Diploma in Buddhism, Central Department of Buddhist Studies, Tribhuwan University, Kirtipur, Kathmandu (First division)

Master [M.A.] in Buddhism, Central Department of Buddhist Studies, T.U., Kathmandu (First division)

Board-First in Title "Pariyatti Saddhamma Palak" (7 years Special and Higher Buddhist Study of Nepal Buddhist Pariyatti Education)

Board-First and Gold Medalist in Title "Pariyatti Saddhamma Kovid" (10 years Special, Higher and Final Study of Nepal Buddhist Pariyatti Education)

Ph.D. Candidate in Buddhist Studies in T.U., Kirtipur, Kathmandu

**In Buddhist Society:**

Chief-Monk of Ananda Bhuwan Vihar, Swayambhu

Lecturer of Cerntre Department of Buddhist Study, Tribhuwan University

Trainer and Senior Teacher of Nepal Buddhist Pariyatti Education

Excutive Member of All Nepal Bhikkhu Association,

Chief in Charge & Founder of Spiritual Preaching Publication, Kathmandu,

Editor of "Satyasandesh" or "Spiritual Preaching" Buddhist Monthly,

Chief Editor and Publisher of "Amritopadesh" National & International Buddhist Monthly

Authour, Translator, Editor of more than 58 Books

President of "Ananda Bhuwan Vihar Committee", Swayambhu, Kathmandu.

President of Pariyatti Dhamma School, Ananda Bhuwan Vihar, Swayambhu, Ktm.



Co-Ordinator of "Fundamental Studies on Buddhism", Speicial Buddhist Course for young college students and senior lay-people.

Co-Ordinator of "Spiritual Preaching Library", Swayambhu, Kathmandu

Co-Ordinator of many Buddhist Pilgrimage for one day, some days and Long days as Four Buddhist sacret Places Pilgrim (Char Buddha Dham Tirthayatra), etc.

Co-Ordinator and Editor of All Nepal Bhikkhu Association Bulletin, Kathmandu

Co-Ordinator of Buddhist Books and materials sale centre, Swayambhu, Kathmandu

Founder President of Sangharam Buddhist Pariyatti Education Centre, Kathmandu [From Starting upto 2006 A.D./7 years]

Founder President of Pariyatti Dhamma School (Ananda Bhuwan Buddhist Pariyatti Education Centre), Kathmandu

Founder President of Fundamental Studies on Buddhism Comittee (Buddhadharmaka Adharabhut Shiksha Samiti), Ananda Bhuwan Vihar, Swayambhu, Kathmandu

Founder President of Buddhist Studies Comittee (Buddhashiksha Adhyayan Samiti), Swayambhu, Kathmandu

Founder President of Buddhist Awareness Comittee (Buddhashiksha Jagaran Samiti), Swayambhu, Kathmandu

Co-Ordinator of "Dhammadeshana Publication Group [Dhammadeshana Prakashanamala Samuha]", Kathmandu.

Life Member (Ajiwan Sadasya), Special Life Member (Ajiwan Bises Sadasya) and Life Suporter (Ajiwan Sanrakshak) of Ananda Bhuwan Vihar, Swayambhu

Life Member of so many Buddhist Viharas (Temples) of Nepal.

# Some Buddhist Activies:-

## As a Buddhist preacher,

well–known Buddhist preacher and Visiting Lecturer in Buddhist Awakening Campaign in Kathmandu, Patan, Bhaktapur and many other villages like Lubhoo, Siddhipur, Harisiddhi, Thecho etc. and remote places like Chainapur, Vojpur, Guphapokhari, Khaadabari, Pokhara, Myagdi-Beni, Lumbini, Surkhet-Birendra Nagar, Birganja, Dhading, Gorkha, Tanahu and also in Kushinagar, Saranath, Buddhargaya, Sikkim, Darjeeling, Rajagriha, Nalanda etc. of India and many other places. Also published 3 Cassets and VCDs, which are about main and basic fundamentals of Buddhism. These are:

1. **Wandana** (Chanting with short discription) - VCD & Casset,
2. **Panchashila & Buddhapuja** (Discourse & Quesion-Answer) - VCD & Casset,
3. **Paritta & Punyanumodana** (Discourse & Question-Answer) - VCD & Casset

At 2010, published two more DVDs about Preaching:

4. **Maranshil Jiwana** (Discourse about death-truth) - DVD
5. **Anitya Jiwana** (Discourse about impermanance) - DVD

## In media:-

Talking Dhamma continue since 1999, specially in Kathmandu Metro F.M., Image F.M., Radio Nepal, Kantipur F.M., etc. Paryawaran F.M., Radio Upatyaka, Nepal Television, Image Telivision, Maitri F.M. etc. and also So many F.M. Stations of Kathmandy valley and out of valley.

## As a writer:-

Published various Buddhist articles more than 1000 in different daily, weekly, monthly etc. magazine. Articles are mainly focused as historical, art and architectural, Buddha and his teachings especially in Nepalavasha, Nepali and English language.

**Specially articles published magazines are as**

"Nepal Samacharapatra" National Daily,
"Spesh Time" National Daily,
"Mahanagar" National Daily,
"Anandavumi" Buddhist Monthly,
"Dharmachakshu" Buddhist Monthly,
"Spiritual Preaching" Monthly,
"Sangharam" Yearly,
"Jyoti Uday",
"Himapat" annuals,
"Gyanamala",
"Mahabuddha Smarika",
"Deshay Maru Jhya",

"Gorkhapatra" National Daily,
"Annapurna" National Daily,
"Amritopadesh" Buddhist Monthly,
"Dharmakirti" Buddhist Monthly,
"Muna" National Monthly,
"Ilohn" monthly,
"Smriti",
"Dharma Pradip",
"Dharmodaya",
"Shantivan",
"Layaku",
"Nepal Lipi" etc.





- Regular writer of "Newa Post", "Sandhya Times", "Spiritual Preaching" Nepal-Bhasa Language, "Nawodit Saptahik", "Amritopadesh" Nepali Language, etc.

## As an author:-

Published Buddhist text and books more than 68 for the benefit of the more and more people and spared for Buddhism in academic level, too.

## My published books are :

1. **Buddhopadesh [Teachings of Buddha]**, 96p, 2056 B.S. (1999 A.D.),
2. **Shraddhadhan,** 108p, 2057 B.S. (2000 A.D.),
3. **Pathapradarshak,** 104p, 2057 B.S. (2000 A.D.),
4. **Drishya, Dristi ra Buddha (Poem colletions),** 122p, 2057 B.S. (2001 A.D.),
5. **Baishakh Purnima-Buddha Purnima**, 76p., 2058 B.S. (2001 A.D.),
6. **Baishakh Purnima-Buddha Purnima (2nd Edition)**, 76p., 2058 B.S. (2001 A.D.),
7. **Bauddha Sangalo (Buddhist colletions)**, 88p, 2058 B.S. (2001 A.D.),
8. **Kakre Vihar (Research)**, 40p, 2058 B.S. (2002 AD)
9. **Chainpur Vojapurko Serophero,** 136p, 2059 B.S. (2002 AD),
10. **Durlav Janmadin (One long poem)**, 56p, 2059 B.S. (2002 A.D.),
11. **Bishwa hulak tikatma Buddha, Buddhadharma, Bauddha Byaktitwa ra Saskriti (Research)**, 82p, 2059 B.S. (2002 A.D.),
12. **Buddha ra Uhako Dharmalai Chinau,** 16p, 2060 B.S. (2003 A.D.),,
13. **Bauddha Darshanama Buddhapujako Sahi Artha,** 16p, 2060 B.S. (2003 A.D.),,
14. **Nirwan Buddhadharmama Mahaparinirwana Buddhako (Research)**, 68p, 2060 B.S. (2003 A.D.),
15. **Dwangu lapuya Chwa: (Story collections)**, 80p, 2060 B.S. (2003 A.D.),
16. **Lichwa: (Story collections)**, 72p, 2060 B.S. (2003 A.D.),
17. **Seemagu Jiwanaya Buddhaya Amritopadesh,** 104p, 2060 B.S. (2003 A.D.),
18. **Contribution of Bhikshu Ashwaghosh Mahashtavirko (Research)**, 160p, 2061 B.S. (2004 A.D.),
19. **Buddha ra Alawaka Rakshash (Art-story collection),** 48p, 2061 B.S. (2004 A.D.),
20. **Manawata Jagaune Buddhashiksha (Poems colletions)**, 104p, 2061 B.S. (2004 A.D.),





21. **Chhattu Shyal ra Lovi Brahman (Art-story collection),** 48p, 2061 B.S. (2004 A.D.),

22. **Bauddha Chetana,** 128p, 2061 B.S. (2004 A.D.),

23. **Mahamanav Buddha (Lord Buddha),** 72p, 2062 B.S. (2005 A.D.),

24. **Buddhiwan Putra (Clever son) (Photo-Jatak story),** 40p, 2062 B.S. (2005 A.D.),

25. **Hiloma Phuleko Phool (Buddhist Songs Collection),** 64p, 2063 B.S. (2006 A.D.),

26. **A study of Triple Gems in Buddhism (Research),** 64p., 2063 B.S. (2006 A.D.),

27. **A question on the way of Enlightenment- Noble Truth,** 64p., 2063 B.S. (2006 A.D.),

28. **Basic Buddhist Knowledge,** 64p, 2063 B.S. (2006 A.D.),

29. **Lord Buddha and His Teachings (Poem collections),** 64p., 2063 B.S. (2006 A.D.),

30. **Vassa and Kathin (robe-offering) ceremony in Buddhism (Research),** 64p., 2064 B.S. (2007 A.D.)

31. **Five Precepts in Buddhism (Research),** 64p., 2064 B.S. (2007 A.D.)

32. **Bauddha Gyan,** 80p., 2064 B.S. (2008 A.D.)

33. **Lovi-Papi (Story collection),** 32p., 2064 B.S. (2008 A.D.)

34. **Dayalu Hatti Ra Dusta Manchhe (Story collection),** 32p., 2064 B.S. (2008 A.D.)

35. **Manav Jiwanay Buddhashiksha (Nepal-Bhasa),** 182p., 2064 B.S. (2008 A.D.)

36. **Vinayapitaka: Ek Adhyayan (A study of Vinayapitaka) (Research),** 396p., 2064 B.S. (2008 A.D.)

37. **Buddhakalin Das Agrani Nariharu (Ten top females of Buddha's period) (Research),** 264p., 2065 B.S. (June, 2008 A.D.)

38. **Batho Badar Ra Murkha Gohi (Clever Monkey and Foolish Crocodile) (Art-story),** 32p., 2065 B.S. (Sep., 2008 A.D.)

39. **Marana-Satya (Death Truth) (Jatak art-stories),** 32p., 2065 B.S. (Nov., 2008 A.D.)

40. **Samyak Gyan (Right Knowledge) (Newari poem collections),** 72p., 2065 B.S. (Nov., 2008 A.D.)

41. **Lovi Mitrako Chhal (Jatak-stories collections),** 40p., 2065 B.S. (Dec., 2008 A.D.)

42. **Aha ! Kasto majja !! (Short-stories collections),** 72p., 2065 B.S. (Jan., 2009 A.D.)

43. **Atiko Gati (Jatak-stories collections),** 40p., 2065 B.S. (Dec., 2008 A.D.)



44. **Praramvik Bauddha Jigyasa (Basic Buddhist Knowledge)**, 104p., 2065 B.S. (Feb., 2008 A.D.)

45. **Sankshipta Bauddha Path (Short Buddhist Pray)**, 32p., 2066 B.S. (Feb., 2010 A.D.)

46. **Shantiko Lagi Buddhako Shiksha (Buddha's Teachings for Peace)**, 80p., 2066 B.S. (March, 2010 A.D.)

47. **Bauddha Samanya Gyan (General Buddhist Knowledge)**, 80p., 2067 B.S. (Sep., 2010 A.D.)

48. **Choriko Dhan-Vikhalu Sarpa (Art-Story Book)**, 40p., 2067 B.S. (Sep., 2010 A.D.)

49. **Anitya Smaran (Short art collection)**, 48p., 2067 B.S. (Oct., 2010 A.D.)

50. **Brahmajal Sutra: Ek Adhyayan (Research Book)**, 104p., 2067 B.S. (Oct., 2010 A.D.)

51. **Patachara Jiwani (Art-Story of Patachara Book)**, 80p., 2067 B.S. (Dec., 2010 A.D.)

52. **Dharma ke ho ? (Art-Story Book)**, 40p., 2067 B.S. (Dec., 2010 A.D.)

53. **Buddha Ra Buddhadharma (Informatic Book)**, 48p., 2067 B.S. (Jan, 2011 A.D.)

54. **Buddha Ra Buddhadharma (2nd edition Book)**, 48p., 2068 B.S. (May 2011 A.D.)

55. **Dukkhamuktiko Marga Char Aryasatya [Ques-Ans]**, 72p., 2068 B.S. (June 2011 A.D.)

56. **Saptaratna Aryadhana [Research]**, 73p., 2068 B.S. (July 2011 A.D.)

57. **Panchashilako Gyana (Ques-Ans.)**, 64p., 2068 B.S. (Aug. 2011 A.D.)




## My translated books are:

1. **Maitri Vawana,** 64p, 2056 B.S. (1999 A.D.),
2. **Anagatvansa,** 81p, 2058 B.S. (2001 A.D.),
3. **Karma ra Karmaphal (Kamma and It's Fruit)**, 64p, 2058 B.S. (2001 A.D.),
4. **Bhikshu Jiwan (Monk Life)**, 96p, 2058 B.S. (2001 A.D.),
5. **Dash Sanyojan (Ten Sanyojan)**, 64p, 2058 B.S. (2001 A.D.),
7. **Byabaharik Pragya (Practical Wisdom)**, 2062 B.S. (2005 A.D.),
8. **Amulya Dhan (Valuable Property)**, 2062 B.S. (2004 A.D.),

## As my Editing books are:

1. **"Ven. Kaludayee Mahathero [A Commomerative Volume]"**, 248p, 2057 B.S. (2000 A.D.),
2. **Triratna wandana Sah Suwarna Chatrapur Viharya Nitya Prarthana,** 48p, 2058 B.S. (Aug., 2001 A.D.),
3. **Ek Diwasiy Upatyakabyapi Shaikshik Vraman**, 40p., 2066 B.S. (2009 A.D.)



Wondershare PDFelement

## As an Editor:-



Chief Editor of "Buddha-Jyoti", 'Dhamma-Jyoti", "Sangha-Jyoti", "Pariyatti-Sandesh" [monthly children magazines] etc, Editor of "Tribodhi" annual magazine from Centre Buddhist Department of Tribhuwan University, "Satyasandesh - Spiritual preaching" monthly magazine etc. and specially helper of "Pariyatti Bulletin" magazine etc. Now in days, Chief Editor and Publisher of "Amritopadesh" national and international Buddhist magazine since 7 years.

## As a Buddhist teacher,

Regular Buddhist teaching for old men and women, young generation, especially regular teaching in Saturday for children's Dhamma School as Parriyatti Education, President and main teacher of "Sangharam Buddhist Pariyatti Education Centre", Chhetrapati, Kathmandu for a long time. Now, President and main instructor of Pariyatti Dhamma School. Here, more than hundred students are studding and training Buddhist education and practice regularly. And also, co-ordinator and main teacher of "Fundamental Studies on Buddhism" course, specially buddhist training for colleage lever students.

## As a Researcher:-

Make out thesis of most venerable Bhikshu Aswaghosh Mahathera title as "Contribution of Ven. Ashwaghosh Mahathera to the promotion of Buddhism in Nepal" for the Post Graduate Diploma in Buddhist Studies, Central Department of Buddhst Studies, T.U. and print out as in book from Spiritual Preaching Publication, Kathmandy.

Also, research about "Vinayapitaka Pali and Parajika text" as thesis for the Master's Degree in Buddhist Studies, Central Department of Buddhist Studies, T.U.

And also make research about Kakre Vihar of Surkhet, Bajrayogini of Sankhu, Nepalese Vihars and Monks, Nibbana (Enlightenment) in Buddhism, Buddha, Buddhist culture and Buddhist personality in Hulak Stamp, etc.

Specially research about the pali text Tipitaka, which is main authentic Buddhist pali canon. So many times Paper-presentation about buddhism as topics "Kamma and Kamma-fruits in Buddhism", "A Study of Triple Gems in Buddhism", "Vassa in Buddhism", "Buddha and Love", etc.

## As a student:-

Complete S.L.C. in first division from Lubhoo secondary school in 2053 B.S., after two years, finished certificate level and join Diploma. In 2059 B.S., from wellknown private campus of kathmandu valley, People's Campus, got certificate of Diploma. After Diploma, clear Post Graduate Diploma of Centre Buddhist Department of Tribhuwan University in first division within one year. After that, clear Master's degree [M.A.] level in first batch of Master level group of Center Department of Buddhist Studies, T.U. in first division. Now, first group of Ph.D. candidate of Buddhist studies from 2063/2064 session in T.U., Kathmandu.

In monastic and religious study, studing various topics and aspect from 2nd top monks of Nepal, teacher Upasanghanayak Ashwaghosh Mahathera and other related teachers.

Specially in Pariyatti Buddhist Education, became Board First in Title "Parriyatti Saddhamma Palak" as seven years religious study.

After that, became once again Board First in final Title "Parriyatti Saddhamma Kovid" as tenth years Buddhist religious study. Only one monk of Nepal, who became Board First in high-level title "Pariyatti Saddhamma Kovid" and won Gold-Medal.

There is only the course of tenth year for Buddhist pali and religious study as Pariyatti education. Now, senior teacher and trainer of Pariyatti Education and fouder president of Pariyatti Dhamma School (Ananda Bhuwan Buddhist Pariyatti Centre), which is running with big scale of students.

000

## धर्मशीला विद्वत वृत्ति भिक्षु संघ रक्षितलाई

पोखरा । पोखरामा अनगारिका धर्मशीलाको नाममा स्थापना गरिएको धर्मशीला विद्वत वृत्ति यस पटक काठमाडौं स्थित स्वयम्भु भुइखेलको आनन्द भुवन विहार। प्रमुख भिक्षु संघ रक्षितलाई प्रदान गर्ने भएको छ । उक्त कुरा धर्मशीला विद्वत वृत्ति व्यवस्थापन समितिको हालै बसेको बैठकले निर्णय गरेको हो । सो विद्वत वृत्ति आगामी कार्तिक १९ गते प्रदान गरिने कार्यक्रम छ ।

यस अघि सो विद्वत वृत्ति लुम्बिनी विकास कोषका उपाध्यक्ष आचार्य कर्मा स्याम्बो शेर्पालाई प्रदान गरिएको थियो । विद्वत वृत्तिमा रू. १५,०००/- नगद र सम्मान पत्र राखिएको छ ।

विद्वत वृत्तिबाट सम्मानित व्यक्तिले बुद्ध धर्मको अध्ययन, अनुसन्धान र अन्वेषण गरी समितिले तोकेको ठाउँमा धर्मदेशना र प्रवचन गर्नुपर्ने प्रावधान छ । समितिले केही वर्षदेखि विद्यालय र क्याम्पसहरूमा बौद्ध धर्म दर्शन सम्बन्धमा प्रवचनको आयोजना गर्ने गरेको छ ।

## गोष्ठीको आयोजना गरिने

पोखरा । अनगारिका धर्मशीलाको २५औं पुण्यतिथि तथा धर्मशीला विद्वत वृत्ति स्थापना भएको १० वर्ष पूरा भएको उपलक्ष्यमा धर्मशीला बुद्ध विहारले "बुद्ध धर्मको प्रचार प्रसारः आजको आवश्यकता" विषयक गोष्ठीको आयोजना गर्ने भएको छ । आगामी दिनमा प्रचार-प्रसारको के-कसरी कार्यक्रम राखी गएमा प्रभावकारी हुन्छ, त्यस सम्बन्धमा सुझाव लिने गोष्ठीको उद्देश्य रहेको छ ।

गोष्ठी कार्तिक १९ गते गरिनेछ । गोष्ठीमा धर्मशीला विद्वत वृत्तिबाट पहिलो पटक सम्मानित काठमाडौं बुद्ध विहारका प्रमुख भिक्षु कोण्डण्यले कार्यपत्र प्रस्तुत गर्नुहुने भएको छ ।

गोष्ठीमा स्कूल, क्याम्पस, संचार क्षेत्र, गुम्बा र विहारका प्रतिनिधि र पदाधिकारीहरू सहभागी हुने कुरा आयोजक समितिले बनाएको छ ।


विजया दशमी अहिंसा पर्व हो ।
सम्राट अशोकले हत्या, हिंसाको मार्ग त्यागेर अहिंसा धर्ममा लागेको दिन विजयादशमी हो ।
हत्या, हिंसा र बलिप्रथाको अन्त होस्, जतातत्तै सुख र शान्ति छाओस्, आरोग्य र वैभवले पूर्ण होस्
यही शुभकामना छ







बुद्धजयन्ती समारोह समिति
कास्की, पोखरा

# करूणा बचत तथा ऋण सहकारी संस्था लि.

पोखरा । धर्म संघ बुद्ध विहार स्थित सद्धर्म सभा, पोखराको अग्रसारितामा यहाँ करूणा बचत तथा ऋण सहकारी संस्था लि. स्थापना गरिएको छ ।

२०६८ साल श्रावण १ गतेदेखि सञ्चालनमा आएको संस्थाको अध्यक्षमा श्याम शाक्य रहनु भएको छ भने त्यसको उपाध्यक्ष र सचिवमा क्रमश: ललितरत्न शाक्य र ईश्वरमान शाक्य छानिनु भएको छ । त्यस्तै कोषाध्यक्षमा भरतराज शाक्य तथा सदस्यहरूमा महेन्द्रमान गुभाजू, कृष्णमान गुभाजू, उत्तममान बुद्धाचार्य, शान्तमान बुद्धाचार्य र दिनेशराज शाक्य हुनुहुन्छ ।

ऋण लगानी तथा असुली समितिको संयोजकमा दिनेशराज शाक्य तथा सदस्यहरूमा तेजेन्द्र शाक्य र अमरमान बुद्धाचार्य छानिनु भएको छ ।

संस्थाको लेखा समिति पनि गठन गरिएको छ । लेखा समितिका संयोजकमा झलकमान शाक्य, अनिलरत्न बुद्धाचार्य र अशोक कुमार शाक्य छानिनु भएको छ । ◊◊◊

# गुहातन्त्र अन्तर्गत उपचार शिविर

पोखरा । यहाँको सोंपाल तमु समाजको आयोजनामा हालै बज्रयानी परम्परा अन्तर्गतको गुहातन्त्रमा आधारित औषधि उपचार शिविर सम्पन्न भयो । भाद्र २६ गतेदेखि ३० गतेसम्म सञ्चालित शिविरमा करीब ७०० जना बिरामीहरूको औषधोपचार गरिएको थियो । ती मध्ये ५०० जना जतिको पूरै निको भएको उपचारमा संलग्न नेपाल लामा संघका अध्यक्ष तथा गुहातन्त्रविद् लामा गोपाल गुरुङले बताउनुभयो ।

शिविरमा हातखुट्टा झमझम गर्ने, सिल्का हान्ने, ढाड दुख्ने, सुगर, ग्याष्ट्रिक, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, नसा रोग, प्यारालाइसिस, बाथ, प्रेसर, मुख गन्हाउने, हर्षा, दातमा कीरा लाग्ने आदि रोगको नि:शुल्क उपचार गरिएको थियो ।

साथै शिविरमा लामाको ल्होबाट, चीना, टिपनबाट, हातबाट, जन्म कुण्डलीबाट हेराउने र चीना टिपन बनाउने कार्यक्रम पनि राखिएको थियो ।

◊◊◊

हत्या, हिंसा, प्रतिहिंसाको अन्त होस्,
सद्भाव, सह-अस्तित्व र समझदारीको
भावना बढोस्
सुख, शान्ति, आरोग्य र ऐश्वर्य बृद्धि होस्
हाम्रो शुभकामना !

लामा गोपाल गुरुङ
अध्यक्ष
नेपाल लामा संघ
टासी छ्योलिङ्ग गुम्बा, पोखरा-१०

विजया दशमी अहिंसा पर्व हो ।
सम्राट अशोकले हत्या, हिंसाको मार्ग
त्यागेर अहिंसा धर्ममा लागेको दिन
विजयादशमी हो ।
हत्या, हिंसा र बलिप्रथाको अन्त होस्
जताततै सुख र शान्ति छाओस्
आरोग्य र वैभवले पूर्ण होस्
यही शुभकामना छ

लामा गुप्ती गुरुङ
प्रमुख
श्री साङ्घा छ्योलिङ गुम्बा
सराङ्कोट-९, पोखरा

# पूर्व सभापति बुद्धाचार्यलाई पत्नीशोक

पोखरा । धर्मशीला बुद्धविहार दायक सभाका भूतपूर्व सभापति शेरमान बुद्धाचार्यलाई पत्नी शोक परेको छ । उहाँकी धर्मपत्नी चन्द्रलक्ष्मी बुद्धाचार्यको २०६८ साल भाद्र १८ गते काठमाडौंमा निधन भयो । उहाँ ७७ वर्षको हुनुहुन्थ्यो र विभिन्न रोगबाट केही महिनादेखि पीडित हुनुहुन्थ्यो । उहाँका चार छोरा र एक छोरी हुनुहुन्छ ।




हिंसा रहित चाड मनाउनु हाम्रो चाहना

विजया दशमी-२०६८ को शुभकामना



**सुखवती बौद्ध गुम्बा**

सुखवतीघाट, पोखरा-१



सम्राट अशोकले हत्या, हिंसायुक्त युद्धको विभीषिकाको अवबोध गरी अहिंसावादी बुद्धधर्ममा लागेको दिन आश्विन शुक्ल दशमी हो ।

हत्या, हिंसा माथि मैत्री र अहिंसाको विजय भएको दिन अन्धकार माथि प्रकाशको विजय भएको दिन विजया दशमी हो ।

**विजया दशमीको उपलक्ष्यमा**

हार्दिक **शुभकामना** !



सुनिल कुमार गुरुङ

**जय बुद्ध आयल स्टोर्स**

हेमजा-४



हत्या, हिंसा, प्रतिहिंसाको अन्त होस्,

सद्भाव, सह-अस्तित्व र

समझदारीको भावना बनोस्

सुख, शान्ति, आरोग्य र

ऐश्वर्य बृद्धि होस्

हाम्रो शुभकामना !



**सागर अटो पार्टस्**

नयाँबजार, पोखरा

# भिक्षु बुद्धघोष रहेनन्

नेपालका जेष्ठतम भिक्षु बुद्धघोष महास्थविरको आश्विन ७ गते बिहान ५ गते निधन भएको छ । उहाँ ९१ वर्षका हुनुहुन्थ्यो र केही समयदेखि पिसाब र पेटको रोगबाट पीडित हुनुहुन्थ्यो ।

बुद्धधर्मको पुनर्जागरण गर्ने काममा उहाँको अतुलनीय योगदान रहेको थियो, उहाँ बुद्ध धर्मको औपचारिक शिक्षण संस्था नेपाल बौद्ध परियत्ति शिक्षण संस्थाका संस्थापक समेत हुनुहुन्थ्यो । उहाँले दुई दर्जन कृति प्रकाशित गर्नुभएको छ ।

नेपाली बौद्ध साहित्य, दर्शन र शिक्षामा उल्लेखनीय योगदान पुऱ्याएकोमा बर्मा सरकारबाट उहाँलाई अग्गमहा सद्धर्म ज्योतिक धज उपाधि आदिबाट विभूषित गरिएको थियो ।


उहाँको अन्तिम श्रद्धाञ्जलिका लागि अखिल नेपाल भिक्षु महासंघको अध्यक्ष भिक्षु बोधिसेन महास्थविर, नेपाली कांग्रेसका महामन्त्री प्रकाशमान सिंह, सभासद् पद्मज्योति, रामकृष्ण ताम्राकार लगायतका विशिष्ट व्यक्तिहरू उहाँको पार्थिक शरीर राखिएको ठाउँ सुमङ्गल विहार पुगेका थिए ।

# दाता बुद्धाचार्यबाट रू. १० लाख प्रदान

पोखरा । मोहरियाटोल निवासी शेरमान बुद्धाचार्यले आफ्नी दिवंगत धर्मपत्नी श्रीमती चन्द्रलक्ष्मी बुद्धाचार्यको स्मृतिमा रू. १० लाख प्रदान गर्नुभएको छ ।

दाता बुद्धाचार्यले उक्त रकममध्ये ४ लाख शाक्य समाज भवन निर्माण, ४ लाख धर्मशीला बुद्धविहारको भवन निर्माण र बाँकी रू. २ लाख धर्मसंघ बुद्धविहारको भवन निर्माण गर्दा खर्च गर्नका लागि प्रदान गर्नुभएको छ । उहाँले उक्त रकम ती संस्थाद्वारा आयोजित छुट्टाछुट्टै शोक सभामा प्रदान गर्नुभएको हो ।


विजया दशमी अहिंसा पर्व हो ।
सम्राट अशोकले हत्या, हिंसाको मार्ग त्यागेर अहिंसा धर्ममा लागेको दिन विजयादशमी हो ।
हत्या, हिंसा र बलिप्रथाको अन्त होस्, जतातत्तै सुख र शान्ति छाओस्, आरोग्य र वैभवले पूर्ण होस् यही शुभकामना छ



**ज्ञानमाला संघ**
**धर्मशीला बुद्ध विहार**
पोखरा-३



*विजया दशमी अहिंसा पर्व हो ।*
सम्राट अशोकले हत्या, हिंसाको मार्ग त्यागेर अहिंसा धर्ममा लागेको दिन विजयादशमी हो ।

हत्या, हिंसा र बलिप्रथाको अन्त होस्, जतातत्तै सुख र शान्ति छाओस्, आरोग्य र वैभवले पूर्ण होस् यही शुभकामना छ ।

**सद्धर्म सभा**
**धर्म संघ बुद्ध विहार**
मोहरिया, पोखरा

# बलि चढाइएका प्राणीको मुक्तिको लागि कामना

पोखरा । यहाँस्थित बौद्ध अर्घौं सदनले नेपालीहरूको महान चाड बडादशैंको अवसरमा देशका विभिन्न मठ मन्दिरहरूमा बलि चढाइएका निर्दोष प्राणीहरूको मुक्तिको कामना एवम् मानव समुदायको सुख, शान्ति र समृद्धिको कामना गरी महान बौद्ध ग्रन्थ कङ्ग्यूर पाठ शुरू गरेको छ ।

आश्विन १० गते शुरू गरिएको कङ्ग्यूर पाठ १९ गतेसम्म जारी रहनेछ । कङ्ग्यूर पाठका क्रममा गुम्बाका प्रमुख लामा येसे गुरुङले प्रवचन दिने कार्यक्रम पनि छ ।

त्यसैगरी अन्य बौद्ध गुम्बा र विहारहरूमा पनि त्यसै गरी बलि चढाइएको प्राणीको उद्धारका लागि शान्तिपाठ गरिन्छ । ◊◊◊


**हत्या, हिंसा, प्रतिहिंसाको भावना**
**अन्त भई सद्भाव, सहअस्तित्व**
**र समझदारी बढोस् ।**
**यही हाम्रो** *शुभकामना* **छ ।**



*सु. काजीमान गुरुङ*
अङ्गरक्षक

**बौद्ध परियत्ति बालबालिका**
**मौरी समूह**
फेदीखोला-२, स्याङ्जा

हत्या, हिंसा, प्रतिहिंसाको अन्त होस्,
सद्भाव, सह-अस्तित्व र
समझदारीको भावना बनोस्
सुख, शान्ति, आरोग्य र
ऐश्वर्य बृद्धि होस्
हाम्रो शुभकामना !



**बौद्ध परियत्ति बालबालिका**
**मौरी समूह**
फेदीखोला-२, स्याङ्जा

हत्या, हिंसा, प्रतिहिंसाको अन्त होस्, सद्भाव, सह-अस्तित्व र समझदारीको भावना बनोस्
सुख, शान्ति, आरोग्य र ऐश्वर्य बृद्धि होस्
हाम्रो शुभकामना !





**युवा बौद्ध संघ**
धर्मशीला बुद्ध विहार, पोखरा-३

विजया दशमी अहिंसा पर्व हो ।
सम्राट अशोकले हत्या, हिंसाको मार्ग त्यागेर अहिंसा धर्ममा लागेको दिन विजयादशमी हो ।

हत्या, हिंसा र बलिप्रथाको अन्त होस्, जताततै सुख र शान्ति छाओस्, आरोग्य र वैभवले पूर्ण होस्
यही शुभकामना छ ।

**नेपाल सुनचाँदी व्यवसायी संघ**

कास्की शाखा, पोखरा

विजया दशमी अहिंसा पर्व हो ।
सम्राट अशोकले हत्या, हिंसाको मार्ग त्यागेर अहिंसा धर्ममा लागेको दिन विजयादशमी हो ।
हत्या, हिंसा र बलिप्रथाको अन्त होस्, जताततै सुख र शान्ति छाओस्, आरोग्य र वैभवले पूर्ण होस्
यही शुभकामना छ

**पोखरा सुनचाँदी व्यवसायी संघ**

पोखरा

# हार्दिक समवेदना

जन्म :
१९८४ श्रावण १७
मृत्यु :
२०६८ असार १८



**टुक कुमारी द्वा**



**चन्द्रलक्ष्मी बुद्धाचार्य**

जन्म :
१९९१ पुस
मृत्यु :
२०६८ भदौ १८


यस बौद्ध उपासिका संघका अग्रज सदस्यहरू मोहरियाटोल निवासी ***श्रीमती चन्द्रलक्ष्मी बुद्धाचार्य***को मिति २०६८ भाद्र १८ गते र बाग्लुङ्ग बसपार्क निवासी ***श्रीमती टुककुमारी द्वा***को २०६८ असार १८ गते असामयिक निधन भएबाट यस संघलाई ठूलो क्षति भएको छ । हामी उहाँहरूको सुखवती भुवनमा बास होस् भनी मङ्गलमय कामना गर्दछौं र उहाँहरूको शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**बौद्ध उपासिका संघ परिवार**

**धर्मशीला बुद्ध विहार, पोखरा परिवार**

Wondershare PDFelement

का.जि.द.नं. २१/६६/६७ प.क्षे.हु.द.नं. १-०६६/६७




धर्मशीला विद्वत वृत्ति सम्मान-पत्र ग्रहण गर्दै आचार्य कर्मा स्याम्बो शेर्पा (बीचमा), भिक्षु श्रद्धानन्द (बायाँ) र भिक्षु निग्रोध (दायाँ)



गोर्खामा पोखराको ज्ञानमाला भजन टोली

Wondershare PDFelement